# तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियाकलापमा खेलेको भूमिका : बलेफी गा.पा, सिन्धुपाल्चोक

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड.) : चौथो सेमेष्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
ज्योति तामाङ
स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेष्टर
क्याम्पस दर्ता नं. : २८९
परीक्षा क्रमाङ्क : ७५२८२५९
त्रि.वि. दर्ता नं. : ९-२-४०२-१८-२०१४
भर्ना वर्ष : २०७५



शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७९

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अर्थशास्त्र केन्द्रीय विभाग स्नातकोत्तर तह एम.एड. चौथो सेमेस्टरको आंशिक पाठ्यभार पुरा गर्नका लागि **"तामाङ समुदायका वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक क्रियाकलापमा खेलेको भूमिका : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक"** शीर्षकमा मेरो सल्लाह सुझाव र निर्देशनमा शोधकर्ता छात्रा श्री ज्योति तामाङद्वारा तयार परिएको हो । उक्त शोधपत्र स्वीकृतिको लागि सिफरिस गर्दछु ।

.................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

शोध निर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठ्माण्डौं

मिति : २०७९/११/२६

## स्वीकृति (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अर्थशास्त्र केन्द्रीय विभाग स्नातकोत्तर तह एम.एड. चौथो सेमेस्टरको आंशिक पाठ्यभार पुरा गर्नका लागि **"तामाङ समुदायका वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक क्रियाकलापमा खेलेको भूमिका : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मुल्याङ्कन समिति**

विभागीय प्रमुख ....................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

बाह्य सुपरिवेक्षक ................................

प्रा.डा. नरेन्द्र कटुवाल

शोध निर्देशक ................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

डि.आर.सि सदस्य ............................

उप प्रा. पद्मा कोइराला

मिति : २०७९/१२/१६

# कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग, स्नातकोत्तर तह चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिको लागि **"तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक कियाकलापमा खेलेको भूमिका : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक"** शीर्षकको शोधपत्र तयार पारेको छु । शोधपत्रको लागि शोध प्रस्तावना, स्वीकृति गरि महत्वपूर्ण अवसर प्रदान गर्नुहुने विभागका विभागीय प्रमुख सह - प्रा. श्री विष्णु बहादुर लुईटेल ज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सर्वप्रथम यो अध्ययनलाई सफल पार्नका लागि यस शोधपत्रको शीर्षक चयनदेखि लिएर यसको लेखनको लागि सहज रुपमा आफ्नो अमूल्य समय दिई निरन्तर रुपमा सल्लाह, सुझाव, प्रेरणा र उत्साह दिई कुशल मार्गनिर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु तथा शोधनिर्देशक विभागिय प्रमुख सह - प्रा. विष्णु बहादुर लुईटेल, साथै विभागका गुरुवर्गहरु प्रा.डा. विनयकुमार कुशियैत, प्रा.डा. सूर्य बहादुर थापा, उप.प्रा. मिनराज पौडेल, उप.प्रा पद्मा कोइराला, गुरु दामोदर अधिकारी ,कर्मचारी नारायण भट्टराई लगायत अर्थशास्त्र विभागका सम्पूर्ण गुरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधकार्यका साथै मेरो जीवनका हरेक क्षणमा प्रेरणा, हौसला, सुझाव र सल्लाह दिई विश्वविद्यालय सम्मको अध्ययन पूरा गर्न मलाई साथ सहयोग र आर्शिवाद प्रदान गर्नुहुने पुजनिय आमाबुबा तथा  दाजुहरु र भाउजु लगायत सम्पूर्ण आफन्तजनप्रति आभार व्यक्त गर्दै यस शोधकार्यलाई पूर्णता प्रदान गर्ने क्रममा स्थलगत अध्ययनमा जाँदा तथ्याङ्कहरु सङकलन गर्ने क्रममा आफूले भोगेका अनुभवहरु र यथार्थ विवरण दिई सहयोग गर्ने उत्तरदाता महिलाहरुलाई विशेष धन्यवाद दिन चहान्छु । त्यस्तै अध्ययनका क्रममा सहयोग गर्नुहुने यस बलेफी गा.पा.का अधिकृत श्री देवीलाल सापकोटा, अध्यक्ष श्री गंगा बहादुर तामाङ, वडा नं. ६ का अध्यक्ष श्री तेज बहादुर पराजुली लगायत वडामा कार्यरत सम्पूर्ण कर्मचारीहरु प्रति सदा आभारी छु । साथै शोधपत्र लेखनकै क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण मेरो आत्मीय मित्रहरु तथा यो शोधपत्रलाई कम्प्युटरमा विशेष सहयोग गर्नुहुने श्री रमेश महर्जन प्रति आभार व्यक्त गर्दछु ।

मिति : २०७९/१२/१६ शोधकर्ता

ज्योति तामाङ

## शोधसार (ABSTRACT)

यस अध्ययन **"तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक कियाकलापमा खेलेको भूमिका : बलेफी गाउँपालिका वडा नं. ६, सिन्धुपाल्चोक"** शीर्षकमा गरिएको एक अध्ययन अनुसन्धान हो । यसमा तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्थाको अध्ययन गर्नु, तामाङ समुदायका महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको पहिचान गर्नु, निर्णय प्रकृयामा तामाङ समुदायका महिलाहरूको भूमिका पत्ता लगाउनु यस अध्ययनका मुख्य उद्देश्य रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्न उद्देश्यमुलक नमुना छनोटमा आधारित भई गुणात्मक र परिमाणात्मक दुबै विधिको प्रयोग गरि प्रमुख रुपमा प्राथमिक स्रोत र आवश्यक थप तथ्याङ्क द्धितिय स्रोतको माध्यमबाट संकलन गरि प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका, स्तम्भचित्र, र वृत्तचित्रको माध्यमबाट व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस अध्ययनको उद्देश्यहरु पूरा गर्न गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरि प्राथमिक र द्धितीय स्रोतहरुबाट प्राप्त तथ्याङ्कलाई तालिकाको प्रयोग गरि विश्लेषण गरिएको छ । तथ्याङ्कहरु सङ्कलनका लागि प्रश्नावली, अवलोकन सुची र छलफल निर्देशिका जस्ता साधनहरुको प्रयोग गरि अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समुह छलफल आदिका साथै विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना र अभिलेख आदिको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रमा रहेका तामाङसमुदायका ४५९ घरधुरि मध्ये २३० घरधुरिमा बसोबास गर्ने १५–६४ वर्ष उमेर समुहका ३०० जना महिलाहरुलाई उद्देश्यमुलक नमुना छनोट विधिका आधारमा व्यवस्थित छनोट विधि गरि अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रका सबैभन्दा बढी जनसङ्ख्या ४४.०८७ प्रतिशतले कृषि पेशा अङ्गालेको पाइयो । त्यस्तै वैदेशिक रोजगारीमा ३५.६३ प्रतिशत जनसङ्ख्या रहेको पाइयो भने व्यापारमा सबै भन्दा कम ३.२२ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइयो । त्यसैगरि अध्ययन क्षेत्रमा विभिन्न जातजातिहरुको बसोबास रहेतापनि तामाङ समुदायको बाहुल्यता रहेको पाइयो । अध्ययन क्षेत्रमा यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम हेर्दा धेरैजसो महिलाहरु ७५ प्रतिशत एकल परिवारमा बस्ने र बाँकी २५ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्ने गरेको पाइयो । र नमुना छनोटमा परेका महिलाहरुको छोराछोरी प्रतिको धारणामा ४५ प्रतिशत महिलाहरुले छोराको चहान राखेको पाइयो भने २० प्रतिशत

महिलाहरुले छोरी भए पनि हुन्छ भन्ने धारणा राखेको पाइयो । र ३५ प्रतिशत महिलाहरुले छोराछोरी दुबैको चहान राखेको पाइयो ।

महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भनिए तापनि महिलाहरुलाई घरयासी काममा पुरुषको सहयोग ५२ प्रतिशत महिलाहरुले पाउँने गरेको, १२.३३ प्रतिशत महिलाहरुले सहयोग नपाउँने गरेको र ३५.६७ प्रतिशत महिलाहरुले अलिअलिमात्र सहयोग पाउँने गरेको पाइयो र यस अध्ययनको क्रममा पारिवारिक निर्णयमा १५.३३ प्रतिशत महिलाहरुको भूमिका रहेको, ५५ प्रतिशत महिलाहरुको भूमिका नरहेको र २९.६७ प्रतिशत महिलाहरुको अलिअलि मात्र भूमिका रहेको पाइयो । जसका साथै यस अध्ययन क्षेत्रका महिलाहरुको दाइजो प्रथा सम्बन्धि धारणा अध्ययन गर्दा दाइजो दिनु ठीक हो भन्ने १४ प्रतिशत र ठीक हैन भन्ने ८६ प्रतिशत महिलाहरुको धारणा पाइयो । परम्परागत धारणा अनुसार छोरीको विवाह छिट्टै गरिएको पाइए तापनि हाल यस धारणामा सुधार आएको देखिन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणाको अध्ययन गरिएको थियो जसमा १०–१५ वर्ष भन्ने ० प्रतिशत, १६–२० वर्ष भन्ने ४६.३३ प्रतिशत र २१ वर्ष भन्दा माथि भन्ने ५३.६७ प्रतिशत महिलाहरुको धारणा रहेको पाइयो ।

यस अध्ययन क्षेत्रमा परेका महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक औषत आम्दानी रु. ११९२९१.३३ , व्यक्तिगत स्रोतगत वार्षिक औषत खर्च रु. ८५७३३.०६ रहेको पाइयो भने आम्दानीबाट खर्च घटाउँदा व्यक्तिगत स्रोतगत वार्षिक औषत बचत रु. ३३५५८.२६ रहेको पाइयो । यसका साथै नमुना छनोट महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्दा आधारभूत र माध्यामिक तह सम्मका शिक्षा लिएका महिलाहरुको संख्या धेरै र उच्च शिक्षा लिने महिलाहरुको संख्या न्यून रहेको पाइयो । नमुना छनोटमा परेका महिलाहरुको स्रोतसाधनमा पनि न्यून स्वामित्व रहेको पाइयो । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको गर्भपतन सम्बन्धि महिलाहरुको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने १२ प्रतिशत, महिलाले नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ८२.३३ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको परिवार नियोजनको अस्थाई साधन सम्बन्धि प्रयोगमा महिलाहरुको निर्णयको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने २१.६७ प्रतिशत, निर्णय नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ७२.६६ प्रतिशत रहेको पाइयो ।

यस अध्ययनको निष्कर्ष अनुसार अध्ययन क्षेत्रको महिलाहरुको अवस्थामा क्रमिक रुपमा सुधार हुँदै गरेको देखिन्छ । महिलाहरु विस्तारै सशक्त हुँदैछन् । देश विकासको मूल प्रवहमा महिलाहरुलाई पूर्ण रुपमा सहभागिता नगराउनु नै समग्र महिलाहरु पछि पर्नुको कारण हो । साथै महिलाहरुले गरेको कामको उचित मूल्याङ्कन नहुनुले महिला वर्ग आजपनि उहि कुरिति र हिँसाको शिकार बन्नु परेको देखिन्छ ।

समुदाय विशेष वा हरेक समुदायका महिलाहरुमा महिला विकासको कार्य देखि निर्णायक तहसम्माको कार्यमा महिलाहरुको संलग्नता न्यून रहेको देखिन्छ । कानुनी रुपमा महिला विकास, अधिकार र सशक्तिकरण सम्बन्धि ऐन, नियमहरु बनेतापनि त्यसलाई व्यवहारमा भने उतार्न सकिरहेको अवस्था देखिदैन । यस सम्बन्धी कार्यन्वयनको पक्ष फितलो देखिएको छ । तसर्थ कार्यन्वयनको पक्षका साथसाथै महिलावर्गलाई घरपरिवार देखि राज्यका सम्पूर्ण कार्यहरुमा सरिक गराउँनु पर्ने आजको आवश्यकता देखिन्छ जस्ता सुझावहरु यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

# विषयसूची (TABLE OF CONTENT)

**सिफारिस पत्र (RECOMMENDATION LETTER)** i

**स्विकृति पत्र (APPROVAL LETTER)** ii

**कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)** iii

**शोधसार (ABSTRACT)** iv

**विषयसूची (TABLE OF CONTENT)** vii

**तालिका सूची (LIST OF TABLES)** xiii

**चित्र सूची (LIST OF FIGURES)** xv

**संक्षिप्त शब्दावली (ABBREVIATION)** xvi

**अध्याय एक (CHAPTER ONE)**

**परिचय (INTRODUCTION)**

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन(Statement of the Problem) ४

१.३ अध्ययनको महत्व(Importance of the Study) ५

१.४ अध्ययनको उद्देश्य(Objectives of the Study) ६

१.५ अनुसन्धानप्रश्न(Research Question) ७

१.६ अध्ययनको परिसीमाहरू(Delimitation of the Study) ७

१.७ मुख्यशब्दावलीको परिभाषा(Definition of the Key Terms) ८

१.८ अध्ययनको सङ्गठन (Organization of the Study) ९

**अध्याय दुई (CHAPTER TWO)**

**सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELARED LITERATURE AND THEORETICAL FRAMEWORK)**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन(Review of the Theoretical Literature) १०

२.२ अनुसन्धनात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १३

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता(Implication of the Review for the Research) १७

२.४ अनुसन्धानअन्तर(Research Gap) १८

२.५ अध्ययनको सैद्धान्तिक ढाँचा(Theoretical Framework of the Study) १९

२.६ अवधारणात्मक ढाँचा(Conceptual Framework) १९

२.७ कार्यात्मक ढाँचा (Functional Framework) २०

**अध्याय तीन (CHAPTER THREE)**

**अनुसन्धान विधि र प्रक्रिय (RESEARCH METHOD AND PROCEDURE)**

३.१ अनुसन्धान ढाँचा(Research Design) २१

३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू(Sources of Data Collection) २१

३.२.१ प्राथमिक स्रोत(Primary Source) २२

३.२.२ सहायक स्रोत(secondary Source) २२

३.३ जनसंख्या, नमुनाआकार र नमुना छनौट रणनीति(Population, Sample Size and Sampling Strategy) २२

३.३.१ जनसंख्या(Population) २२

३.३.२ नमुनाआकार(Sample Size) २३

३.३.३ नमुना छनौट रणनीति(Sample Selection Strategy) २३

३.४ अध्ययनक्षेत्र छनौट गर्ने कारण(Reason for Selection of the Study Area) २३

३.५ तथ्याङ्क सङ्कलनका साधनहरू(Data Collection Instruments) २४

३.५.१ प्रश्नावली(Questionnaire) २४

३.५.२ अवलोकन सूचि(Observation List) २४

३.५.३ छलफल निर्देशिका(Discussion Guide) २५

३.६ तथ्याङ्क सङ्कलनकातरिकाहरू(Techniques of Data Collection) २५

३.६.१ अन्तर्वार्ता(Interview) २५

३.६.२ प्रत्यक्षअवलोकन(Direct Observation) २५

३.६.३ लक्षित समुह छलफल(Focused Group Discussion) २५

३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण(Interpretation and Analysis of Statistics) २६

## अध्याय चार (CHAPTER FOUR)

## परिणामको विश्लेषण र व्याख्या (ANALYSIS AND INTERPRETATION OF THE RESULT)


४.१ सिन्धुपाल्चोक जिल्लाको परिचय (Introduction of Sindhupalchok District) २७

४.१.१ भौगोलिक अवस्था (Geographical Condition) २७

४.१.२ आर्थिक अवस्था (Economic Condition) २८

४.१.३ सामाजिक अवस्था (Social Condition) २८

४.१.४ शैक्षिक अवस्था (Educational Condition) २८

४.१.५ जनसाङ्खिक अवस्था (Demographic Condition) २९

४.२ बलेफी गाउँपालिकाको परिचय (Introduction of Balephi Rural Municipality) २९

४.२.१ भौगोलिक अवस्था (Geographical Condition) २९

४.२.२ शैक्षिक अवस्था (Educational Condition) ३०

४.२.३ सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition) ३०

४.२.४ आर्थिक अवस्था (Economic Condition) ३०

४.२.५ जनसाङ्खिक अवस्था (Demographic Condition) ३१

४.३ बलेफी गाउँपालिकाको वडा नं. ६ को परिचय (Introduction of Ward no. 6 of Balephi Rural Municipality) ३१

४.३.१ भौगोलिक अवस्था (Geographical Conditions) ३१

४.३.२ शैक्षिक अवस्था (Educational Conditions) ३२

४.३.३ सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Conditions) ३२

४.३.४ आर्थिक अवस्था (Economic Condition) ३२

४.३.५ स्वास्थ्यको अवस्था (Health Condition) ३३

४.४ नमुना छनौट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Condition of Sampled Family Size) ३३

४.४.१ उमेरगत जनसंख्या (Agewise Population) ३३

४.४.२ पेशाको आधारमा जनसङ्ख्या (Population on the basis of Occupation) ३४

४.५ नमुना छनोट महिलाहरुको सामाजिक अवस्था (Social Condition of Sampled Women) ३५

४.५.१ परिवारको किसिम (Family Structure) ३५
४.५.२ छोराछोरीप्रतिको धारणा (Concept of the Children) ३६
४.५.३ घरयासी कामकाजमा पुरुषको सहयोग (Male Helpness for House Works) ३७
४.५.४ दाइजो प्रथा सम्बन्धी धारणा (Concept of Dowry System) ३७
४.५.५ विवाह गर्ने उमेर सम्बन्धि धारणा (Age of Marriage) ३८
४.६ नमुना छनोटमा परेका महिलाहरुको आर्थिक अवस्था (Economic Condition of Sampled Women) ३९
४.६.१ महिलाहरुको व्यक्तिगत आर्थिक अवस्था (Personal Economic Condition of Women) ३९
४.६.१.१ महिलाहरुको पेशागत अवस्था (Professional Condition of Sampled Women) ३९
४.६.१.२ महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी (Sectoral Income of Sampled Women) ४१
४.६.१.३ महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी (Levelwise Income of Sampled Women) ४२
४.६.१.४ महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च (Sectoral Expenditure of Sampled Women) ४३
४.६.१.५ महिलाहरुको व्यक्तिगत तहगत वार्षिक खर्चको अवस्था (Levelwise Expenditure of Sampled Women) ४४
४.६.१.६ महिलाहरुको व्यक्तिगत बचत (Personal Saving of Women) ४५
४.६.२ नमुना छनोटमा परेका महिलाहरुको घरायसी आर्थिक अवस्था (Household Economic Condition of Sampled Women) ४६
४.६.२.१ पारिवारिक स्रोतगत आम्दानी (Sectoral Family Income) ४६
४.६.२.२ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income) ४७
४.६.२.३ क्षेत्रगत वार्षिक पारिवारिक खर्च (Sectoral Familywise Expenditure) ४८
४.६.२.४ तहगत पारिवारिक वार्षिक खर्च विवरण (Levelwise Family Expenditure) ४८
४.६.२.५ घरपरिवारको बचत (Family Savings) ४९

४.७ शैक्षिक अवस्था (Educational Condition) ५०
४.७.१ पारिवारिक शैक्षिक अवस्था (Educational Condition of Family) ५०
४.७.२ नमुना छनोट महिलाको शैक्षिक अवस्था (Educational Condition of Sampled Women) ५१
४.७.३ बालबालिकाहरुको शैक्षिक अवस्था (Educational Condition of Child) ५२
४.८ शैक्षिक प्रभाव (Educational Affect) ५२
४.९ नमुना छनोटमा परेका महिलाहरुको साधन र स्रोतमा पहुँच (Access to Materials and Sources for Sampled Women) ५४
४.१० नमुना छनोट महिलाको पारिवारिक निर्णय प्रक्रियामा संलग्नताको अवस्था (Condition of Sampling Women on Family Decision Process) ५५
४.१०.१ पारिवारिक निर्णयमा महिलाको भूमिका (Women's Role in Family Decision Making) ५५
४.१०.२ पारिवारिक कार्यमा लिइने निर्णय (Decision Making in Family Activities) ५६
४.१०.३ गर्भपतन सम्बन्धि महिलाको निर्णय (Women's Decisions Regarding Abortion) ५६
४.१०.४ परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय (Women's Decision on the Uses of Temporary Means of Family Planning) ५७
४.१०.५ बिरामी हुदाँ जाने ठाउँ (Destination of Sickness) ५८
४.१०.६ मासिक स्राव (Menstruation) ५८
४.११ महिला विकास सम्बन्धी धारणा (Concept about Women Development) ५८
४.११.१ आर्थिक पक्षको ज्ञान (Knowledge about Economics States) ५८
४.११.२ शैक्षिक पक्षको ज्ञान (Knowledge about Education) ५९
४.११.३ लैङ्गिक समानताको ज्ञान (Knowledge about Sexualization) ५९
४.११.४ सामाजिकीकरणको ज्ञान (Knowledge about Socialization) ५९
४.११.५ सामाजिक समानताको ज्ञान (Knowledge about Social Equality) ६०
४.१२ सारांश (Summary) ६०

## अध्याय पाँच (CHAPTER FIVE)

## निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)


५.१ निष्कर्ष (Conclusion) ६४

५.२ सुझावहरु (Recommendations) ६६

५.२.१ नीतिगत सुझावहरु (Policy Related Recommendations) ६७

५.२.२ व्यवहारीक सुझावहरु (Practice Related Recommendations) ६७

५.२.३. भावि अनुसन्धानको सुझावहरु (Further Research Related Recommendations) ६८

**सन्दर्भसामग्री (References)**

**अनुसूचीहरु (Appendices)**

# तालिका सूची (LIST OF TABLES)


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| तालिका ४.१ : | नमुना छनौट क्षेत्रमा बासोबास गर्ने जनसंख्याको उमेरगत विवरण – २०७८ | ३३ |
| तालिका ४.२ : | पेशाको आधारमा जनसङ्ख्या विवरण २०७९ | ३४ |
| तालिका ४.३ : | नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम –२०७९ | ३५ |
| तालिका ४.४ : | छोराछोरीप्रतिको चहाना विवरण –२०७९ | ३६ |
| तालिका ४.५ : | घरायसी काममा पुरुषको सहयोगको विवरण – २०७९ | ३७ |
| तालिका ४.६ : | महिलाहरुको दाइजो प्रथा सम्बन्धी धारणा – २०७९ | ३८ |
| तालिका ४.७ : | महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणा – २०७९ | ३८ |
| तालिका ४.८ : | नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण – २०७९ | ४० |
| तालिका ४.९ : | महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी विवरण – २०७९ | ४१ |
| तालिका ४.१० : | नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी – २०७९ | ४२ |
| तालिका ४.११ : | नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च – २०७९ | ४३ |
| तालिका ४.१२ : | नमुना छनोटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण – २०७९ | ४४ |
| तालिका ४.१३ : | महिलाहरुको व्यक्तिगत बचत – २०७९ | ४५ |
| तालिका ४.१४ : | पारिवारिक स्रोतगत आम्दानी २०७९ | ४६ |
| तालिका ४.१५ : | नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक आम्दानी विवरण – २०७९ | ४७ |
| तालिका ४.१६ : | नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च – २०७९ | ४८ |
| तालिका ४.१७ : | नमुना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च विवरण – २०७९ | ४९ |
| तलिका ४.१८ : | घरपरिवारको बचतको विवरण – २०७९ | ४९ |
| तालिका ४.१९ : | पारिवारिक शैक्षिक अवस्थाको विवरण – २०७९ | ५० |
| तालिका ४.२० : | नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्था – २०७९ | ५१ |

तालिका ४.२१ : विद्यालय संरचनाका आधारमा बालबालिकाहरुको सहभागिता – २०७९ ५३
तालिका ४.२२ : महिलाहरुको साधन र स्रोतमा पहुँचको विवरण – २०७९ ५४
तालिका ४.२३ : पारिवारिक निर्णयमा महिलाको भूमिका – २०७९ ५५
तालिका ४.२४ : पारिवारिक कार्यमा लिइने निर्णय प्रक्रियाको विवरण – २०७९ ५६
तालिका ४.२५ : गर्भपतन सम्बन्धी महिलाहरुको निर्णय – २०७९ ५७
तालिका ४.२६ : नमुना छनोट क्षेत्रमा महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णय – २०७९ ५७

# चित्र सूची (LIST OF FIGURES)


| चित्र नं. | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| चित्र ४.१ : | नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम | ३६ |
| चित्र ४.२ : | नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण | ४० |
| चित्र ४.३ : | नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी | ४३ |
| चित्र ४.४ : | महिलाहरुको तहगत खर्च विवरण | ४५ |
| चित्र ४.५ : | विद्यालय संरचनाका आधारमा बालबालिकाहरुको सहभागिता | ५३ |
| चित्र ४.६ : | पारिवारिक निर्णयमा महिलाको भूमिका | ५५ |

# संक्षिप्त शब्दावली (ABBREVIATION)

| | |
|---|---|
| गा.पा. | गाउँपालिका |
| गा.वि.स. | गाउँ विकास समिति |
| आ.व. | आर्थिक वर्ष |
| क.सं. | क्रम सङ्ख्या |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्नमाध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| जि.वि.स. | जिल्ला विकास समिति |
| वि.सं. | विक्रम संम्बत |
| रा.यो.आ. | राष्ट्रिय योजन आयोग |
| रु. | रुपैँय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# अध्याय एक (CHAPTER ONE)

# परिचय (INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल एक विविधतामा एकता भएको देश हो । भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण रहेको देश हो । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको छ जस मध्ये हिमाली भाग १५ प्रतिशत, पहाडी भाग ६८ प्रतिशत, र तराई भाग १७ प्रतिशत रहेको छ । जसको पूर्व-पश्चिम लम्बाई ८८५ कि.मी. र चौडाई औषतमा १९३ कि.मी. रहेको छ । समुन्द्रि सतह देखि ५९ मि. को उचाई देखि ८,८४८ मि. उचाई सम्मा फैलिएका भागहरू रहेका छन् । विविधतायुक्त देश नेपालमा वि.सं. २०६८ सालको गणना अनुसार १२३ भाषाभाषी र १२५ जातजाती रहेका छन् । जस मध्ये पाँचौ ठूलो संख्यामा रहेको तामाङ समुदाय जुन ५.८ प्रतिशत (१५,३९,८३०) को संख्यामा रहेको छ । कुल जनसंख्याको करिब ५१.०८ प्रतिशत महिलाहरू रहेतापनि सिङ्गो राष्ट्रको विकासमा पूर्ण सहभागिता हुन सकेको छैन, त्यसै गरि जातजातिगत रूपमा त झनै विकासात्मक कार्यमा न्यून सहभागिता रहेको पाइन्छ । मानव जातिको संरचना नारी जातिबाट संभव भएको हुदा आदिमकाल देखिने नारीको महत्वपूर्ण स्थान रहेको छ । एक सिक्काका दुई पाटा मध्ये एक पुरुष हो भने अर्को नारी भएको कारण कुनै पनि घर गृहस्थिको आधार नारीको सीप तथा योग्यता मै अडेको हुन्छ । तसर्थ नारीको अहम् भूमिका रहन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ । जस मध्ये सिन्धुपाल्चोक जिल्लाको कूल जनसंख्या २,६२,६२४ जना पुरुष १,२९,२०५ जना (४९.२०), महिला १,३३,४१९ जना (५०.८०) रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०७८) ।

नेपालमा वैदिक कालदेखि नै महिलालाई दुर्गा, सरस्वती, लक्ष्मीको रूपमा लिइदै, पुजिदै आएको किम्बदन्ती रहेको छ । “जहाँ नारीलाई सम्मान गरिन्छ त्यहाँ ईश्वरको बास हुन्छ” भन्ने उखान पनि हाम्रो समाजमा चलेको छ । तर महिला माथि हुने विभेद, शोषण र सामाजिक कुप्रथाले महिलाको विकास हुन सकिरहेको छैन । महिलामाथि हुने विभेद र शोषणको अन्त्य गर्न, समतामुलक समाजको निर्माण गर्न, समाजमा रहेका कूरीति र जडको अन्त्य गर्न, चेतनशील समाजको निर्माण गर्न, सामाजिक असमानताको अन्त्य गरि समय

सापेक्ष सामाजिक रूपान्तरण गर्न आवश्यक छ । लिच्छवी काल, मल्लाकाल देखि नै महिला विकासका लागि प्रयासहरू हुदै आएको छ । विश्वमा आएको परिवर्तनको लहरसँगै नेपाल पनि अछुतो रहेन । साथै त्यसको प्रभाव हाम्रा हाल सम्मका संवैधानिक विकास क्रममा विभिन्न चरणहरूमा महिला सशक्तिकरणले प्रवेश पाएको देख्न सकिन्छ । महिलाहरूलाई रोजगारको अवसर प्रदान गर्न सर्वप्रथम उनीहरूलाई शिक्षा र सीपको अवसर प्रदान गर्नु पर्दछ । शिक्षाले मानिसको ज्ञानको क्षेत्र फराकिलो बनाउने मात्र हैन कि व्यक्तिको सर्वाङ्गिण विकास गराउन पनि उत्तिकै मद्दत पुऱ्याउछ (रामहरी पौडेल, २०६८) का अनुसार महिलाहरूलाई रोजगारीमा अवसर दिनुपर्दछ ।

सामान्यतया महिला सशक्तिकरण भन्नाले महिलाहरू राजनैतिक, आर्थिक, सामाजिक, कानुनी, व्यक्तिगत तथा समुहगत, संस्थागत, शैक्षिक, रोजगारी, स्वास्थ्य, जमिन तथा धनसम्पति आदि क्षेत्रहरूमा समानता र महिला हिंसाको उन्मूलन, सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षहरूको अनुभव दिलाउन सक्नु हो भन्ने बुझिन्छ । जसबाट महिलाहरूले आफ्नो व्यक्तित्व विकास निर्माण गर्न सक्ने क्षमताको विकास, आत्मियता एवम् आत्मविश्वास, सामाजिक प्रतिष्ठा, रोजगारीमा अग्रसर, आय आर्जनमा अग्रसरता तथा आफ्नो स्वास्थ्यको अधिकार आदि सेवा सुविधाको उपयोग गर्न पाएमा पक्कै पनि उनीहरूको सर्वाङ्गिण विकास हुन्छ । यसले देशको आर्थिक विकासमा पनि प्रभाव पर्ने कुरामा दुई मत छैन (राष्ट्रिय महिला आयोग, २०६६) ।

महिलाको उत्थान र पहिचानको लागि विश्वव्यापी रूपमा आवाज उठाइरहेको बेला नेपालमा सर्वप्रथम छैठौ योजना अवधिमा विकास कार्यमा महिला वर्गको सहभागिता अभिवृद्धि गर्ने गरि राष्ट्रिय नीति तर्जुमा भएको पाइन्छ । यस्तै सातौ र आठौ योजनामा पनि विकासमा महिला सहभागिता बढाउने उनीहरूको आर्थिक, सामाजिक स्तर उकास्ने उद्देश्यले नीतिहरू तर्जुमा गरिएको थियो । नवौं र दशौं योजनामा पनि महिला विकासका कार्यहरू भएका छन् । त्रिवर्षीय योजना (२०६७/०६८–२०६९/०७०)मा महिलाहरूलाई मूलप्रवाहिकरण ल्याउने बारेमा व्यवस्था भएको पइन्छ (भट्टराई, २०६८) ।

विश्वमा महिलाहरूको हकहित तथा संरक्षण गर्नका साथै उनीहरूको अवस्थालाई सुदृढ गदै आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक र व्यवसायिक आदि पक्षहरूलाई मजबुद पार्नका लागि सन् १९७० को दशक देखि विभिन्न अन्तराष्ट्रिय

सम्मेलनहरू हुदै अएको पाइन्छ । यसै सन्दर्भमा प्रथम सम्मेलन मेक्सीको सिटीमा सन १९७५मा दोस्रो केन्याको राजधानी नैरोविमा सन् १९९५ मा गरि अन्तराष्ट्रिय सम्मेलनहरू भएका छन् । यसै अनुरूप "महिलाको समस्यालाई सार्वजानिक गर्ने र समग्रमा देखिएका समस्याहरूलाई विश्लेषण गर्ने उद्देश्यले सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्षको रूपमा मनाउने घोषण गरियो भने संयुक्त राष्ट्रसंघले सन् १९६३–१९८५ लाई यु.एन.महिला दशक घोषणा गरियो । त्यस्तै सन् १९८९ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले महिला भेदभाव सम्बन्धि महसन्धि परित गरियो र सन् १९८१ बाट यसलाई लागु गरियो । सन् १९९३ मा यु.एन. बाट महिला विरुद्ध हुने दुर्व्यवहार उन्मूलन सम्बन्धि महसन्धि परित गरियो" (ईश्वरी आचार्य, २०६८) । यसरी ईश्वरी आचार्यले महिलाहरूलाई विभिन्न किसिमको शिक्षा तथा तालिमको अवसर दिनु पर्नेमा जोड दिनु भएको देखिन्छ ।

नेपालको संविधान २०७२ भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३८ महिलाको हक : (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय हक हुनेछ । (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व प्रजनन र स्वास्थ्य सम्बन्धि हक हुनेछ । (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा प्रचलान वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दन्डनिय हुनेछ र पिडीतलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (४) राज्यका सबै निकायमा महिलालाई समानुपतिक समावेशी सिद्धान्ताको आधारमा सहभागि हुने हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दाम्पतिको समान हक हुनेछ (नेपाल सरकार, २०७२) ।

हाल नेपालमा महिला हक हितका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । लैङ्गिक भेदभाव र महिला हिंसा अन्त्य गरी महिलाहरूको हक अधिकारको संरक्षण एवम् प्रवर्धनका लागि मैलिक हक र राज्यले अधिकारवादी अवधारणको अवलोकन गरी नीतिगत प्रावधानको निर्माण गरी संस्थागत सुधारका साथै विकासको कार्यहरू सञ्चालन गर्दै आइरहेको छ । लैङ्गिक रूपमा भेदभावपूर्ण कानुनहरूमा संशोधन गरी महिला सहभागितामा जोड दिई आय आर्जन तथा स्रोत साधन माथि महिलाहरूको पहुँच र विकासमा वृद्धि गर्ने प्रयास समेत हुदै अएका छन् । यसरी विभिन्न महिला सशक्तिकरण सम्बन्धि कार्यक्रमहरूले महिलाहरूको

आर्थिक, शैक्षिक र  सामाजिक विकासमा पुऱ्याउने योग्दान महत्वपूर्ण भएतापनि वास्तवमा महिलाहरूको स्थिति भने नितान्त दयनिय र नाजुक रहेको देखिन्छ । घर परिवार देखि राज्य तह सम्म महिलाहरूलाई सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक र स्वतन्त्रताका नाममा पहिलो प्रथमिकता र नेतृत्वको नाममा वकालत गरे तापनि व्यवहारमा हेर्दा महिलाहरू अहिले पनि पछाडी नै परेका छन् । यसै कुराहरूलाई मध्यनजर गर्दै यस अध्ययन नेपालको ७७ जिल्ला मध्येको एक सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका वडा नं. ६ मा रहेका तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकाको बारेमा अध्ययन गर्ने कोसिस गरिएको छ । सकेसम्मा यर्थाथ विश्वासनिय र भर पर्दो रूपले धेरै विषयवस्तुहरूलाई समेटी यस अनुसन्धानको शोधपत्रममा नेपालको वाग्मती प्रदेश सिन्धुपाल्चोक जिल्ला वलेफी गाँउपालिकाको वडा नं. ६ मा रहेका तामाङ समुदायका महिलाहरूको विभिन्न सचेतनात्मक क्रियकालपहरूले उनीहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थामा पुऱ्याइएको योग्दानलाई समेट्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली समाजमा वर्तमानमा पनि लैङ्गिक विभेद जटिल समस्याको रूपमा रहेका छन् । विश्व मानचित्रमा महिलाहरूको हक हितका कार्यहरू निर्माण गरिएतापनि लक्षित क्षेत्रमा प्रवोधिकरण हुन सकेको छैन् । शिक्षा, आर्थिक विपन्नता, सामाजिक पछौटेपन, चेतनाको अभाव, राजनैतिक चेतनाको अभाव, महिलालाई दोस्रो दर्जाको दृष्टिले हेरिने सामाजिक संरचना, निर्णय र पहुँच विहिनताको अवस्था, पितृसत्तात्मक सोच आदि जस्ता कुसंस्कार हाम्रो नेपाली समाजमा विद्यमान रूपमा रहेका छन् । महिला र पुरुष समाज विकासको महत्वपूर्ण अङ्ग हुन् । यी दुबै अङ्गको समान विकास बिना राष्ट्रको विकास सम्भव हुदैन । तर पनि महिलाहरूलाई समाजमा काम नभएका बोझको रूपमा हेर्दछन् । भने अर्का तिर नेपाली नारीलाई आलंकारिक संस्कृत शब्दले कथित रूपमा “नारी शक्तिलाई आधाशक्ति” का रूपमा मानिएको छ । तर महिला माथि भएको विभेद, शोषण र सामाजिक कुप्रथाले महिलाहरूको विकास भइरहेको पाइदैन । महिलाहरूलाई बाल्यकालमा आमाबुबाको नियन्त्रणमा, विवाह पछि पतिको नियन्त्रणमा त वृद्धअवस्थामा छोराको निरिक्षणमा रहनुपर्ने बाध्यता र पुरुष नै सर्बे सर्बा र महिलालाई निरही पात्रको रूपमा हाम्रो समाजले लिएको छ । महिलाहरू समाजमा योग्य छन् तर पनि त्यसलाई पहिचान गर्न सक्ने सामर्थ्य छैन ।

पहिचान गरिएतापनि प्रयोग गर्ने आट छैन जसले गर्दा समाजमा महिला विकासमा समस्या निम्त्याएका छन् जहाँ महिलाहरू बाँचिरहेका छन् यी विभिन्न संघसंस्थागत कार्यक्रमहरू सञ्चालनमा रहेतापनि ती कार्यक्रमहरू कार्यस्थलमा प्रयोग गर्न सकिएन भने कार्यक्रमहरू कार्यक्रममा मात्र सिमीत रहने सुनिश्चित छ ।

नेपाल एक विविधतामा एकता रहेको देश हो । नेपाली समाजमा विभिन्न समुदायका मानिसहरू बासोबास रहेका छन् । ती समुदायहरूको महिलाहरूको वर्तमान अवस्था, सामाजिक, आर्थिक र शैक्षिक स्थितिमा विविधता रहेको पाइन्छ । अझ नेपालको सन्दर्भमा भन्नुपर्दा लैङ्गिक विभेद उच्च रहेको छ । महिलाहरू विभिन्न पक्षहरूबाट पुरुषको तुलनामा पछाडी रहेको देखिन्छ । अधिकांश महिलाहरू घर भित्रकै कार्यमा सीमीत रहेको देखिन्छ । यसरी पुरुषको तुलनामा महिलाहरू सामाजिक आर्थिक एवम् शैक्षिक रूपमा पछाडी परेका छन् । महिला महिलाहरूबीच पनि एक समुदायका महिला र अर्को समुदायको महिलाहरूबीच विभिन्न पक्षहरूमा विविधता रहेको पाइन्छ जसका कारण महिलाहरूको आर्थिक तथा सामाजिक विकास हुन सकेको छैन् । यसै कारण महिला विकासका लागि महिला सशक्तिकरणको क्षेत्रमा सुधार गर्नु आजको आवश्यकता देखिन्छ ।

महिला हक हितको क्षेत्रमा कार्य गर्ने धेरै संघसंस्थाहरू रहेका छन् तर पनि सशक्त भन्दा बढी अशक्त महिलाहरूको संख्या देखिन्छ । धर्म, परम्परा, संस्कार रितिरीवाजले महिलाहरूलाई यसरी बाँधेका छन कि ति गाँठो सहजै रूपमा खोल्न सकिदैन र पुरुषको सहयोगको अभाव टड्कारो देखिन्छ । जनसंख्याको हिसाबमा पुरुषको तुलनामा महिलाको संख्या बढी भए ता पनि विभिन्न सामाजिक, आर्थिक र शैक्षिक क्रियकलापमा भने महिलाको सहभागिता न्यून रहेको पाइन्छ । जसले गर्दा घरयासी कार्य, कृषि क्षेत्र र अन्य क्षेत्रहरूमा महिलाहरूले योग्दान पुऱ्याए तापनि ति कार्यको मुल्याङ्कन भने ज्यादै न्यून रहेको छ ।

## १.३ अध्ययनको महत्व (Importance of the Study)

समाज विकासका निम्ति दुई महत्वपूर्ण अङ्ग महिला र पुरुष हुन् । यी दुबै अङ्गको विकास बिना राष्ट्रको विकास सम्भव हुदैन । मानव समाजको उन्नती र प्रगतिको लागि मात्र होइन, विश्व शान्ति र समुन्नतिक लागि समेत महिला र पुरुषको समानता आवश्यक रहेको देखिन्छ तर नेपाली समाजका महिलाहरू आज पनि विभिन्न समस्या उत्पीडन र

अनेक विभेदसँग संघर्ष गर्दै आइरहेका छन् । जसले गर्दा जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाहरूको अवस्था भने तुलनात्मक रूपमा कमजोर देखिन्छ ।

महिलाहरूमा पनि विभिन्न समुदाय विशेषका महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र कानुनी क्षेत्रमा पछि परेको अवस्था रहेको छ । र उनीहरूको जीवनस्तर उकास्न महिलाहरूको हक, हित र अधिकार हुनु आवश्यक छ । नेपालको संविधान र योजनाहरूमा समेत विशेष व्यवस्था भएको महिला हकहितले उनीहरूको सामाजिक, शैक्षिक र आर्थिक विकासमा कस्तो योग्दान पुऱ्याउन सक्छ भन्ने कुराको खोज यस अध्ययनको महत्वपूर्ण पाटो रहने छ ।

वर्तमान समयमा हेर्दा यो अध्ययन महत्वपूर्ण रहेको छ । यस अध्ययनले सम्पूर्ण नेपालभरिको विभिन्न समुदायमा रहेका महिलाहरूको अवस्था बारे प्रकाश पार्न नसके पनि सिन्धुपाल्चोक जिल्लाको बलेफी गाँउपालिका वडा नं. ६ का तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्थाका साथै उनीहरूले सामाजिक, आर्थिक तथा शैक्षिक क्रियकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खेलेका भूमिका कस्तो रहेको छ भन्ने अध्ययन गर्नका लागि सहयोगी बन्न सक्छ । साथै महिला सशक्तिकरणको क्षेत्रमा विभिन्न समुदायहरूमा काम गर्ने विभिन्न संघसंस्थाहरूलाई थप सामग्री सँगै महिलाहरूको हकहितमा काम गर्ने व्यक्ति, योजनकार र कानुनविज्ञाहरूको कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सहयोगी बन्न सक्छ । यस समुदायका महिलाहरूको वर्तमान स्थिति, सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको वास्तविकता नजिकबाट थाहा पाउन सकिने भएकाले अनुसन्धानकर्तालाई नेपालमा रहेका तामाङ समुदायका महिलाहरूको अवस्थाका बारेमा अध्ययन गर्न र थाहा पाउन केहीहत सम्म सहयोग पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकाको अध्ययन गर्नु हो, भने विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(१) तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्थाको अध्ययन गर्नु,

(२) तामाङ समुदायका महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको पहिचान गर्नु,

(३) निर्णय प्रकृयामा तामाङ समुदायका महिलाहरूको भूमिका पत्ता लगाउनु,

## १.५ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरू सँग सम्बन्धित रहेर निम्न अनुसन्धान प्रश्नहरूको उत्तर खोजी गर्ने प्रयास गरिएको छ ।

(१) अध्ययन क्षेत्रका महिलाहरूको वर्तमान अवस्था कस्तो रहेको छ ?

(२) अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक अवस्था कस्तो रहेको छ ?

(३) अध्ययन क्षेत्रका महिलाहरूको आर्थिक अवस्था कस्तो रहेको छ ?

(४) अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था कस्तो रहेको छ ?

(५) तामाङ समुदायका महिलाहरूको पारिवारिक निर्णयमा भूमिका कस्तो रहेको छ ?

(६) अध्ययन क्षेत्रका महिलाहरूलाई समाजमा आर्थिक रूपले सक्षम बनाउन के कुराको आवश्यकता पर्दछ ?

जस्ता प्रश्नहरुको उत्तर खोजी गर्ने यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

## १.६ अध्ययनको परिसीमाहरू (Delimitation of the Study)

अध्ययनको परिसीमाले अध्ययनले समेट्ने परिधि वा क्षेत्रलाई जनाउँदछ । यस अध्ययनलाई प्रभावकारी यथार्थपरक र औचित्यपूर्ण बनाउनका लागि निश्चित क्षेत्रमा निर्धारण गरि सिमितिकरण गर्नु आवश्यक पर्ने भएकाले अध्ययनलाई सिन्धुपाल्चोक जिल्लाको बलेफी गा.पा. वडा नं. ६ का तामाङ समुदायका माहिलाहरुमा मात्र सीमित गरिएको छ ।

(क) यस अध्ययनमा सिन्धुपाल्चोक जिल्लाको बलेफी गा.पा. वडा नं. ६ लाई अध्ययन क्षेत्र बनाईएको छ ।

(ख) यस अध्ययन सिन्धुपाल्चोक जिल्लाको बलेफी गाँउपालिका वडा नं. ६ को तामाङसमुदायका महिलाहरूलाई मात्र लिइएको छ ।

(ग) यस अध्ययन अध्ययन क्षेत्रका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकामा केन्द्रित गरिएको छ ।

(घ) यस अध्ययनका निष्कर्षहरूलाई अन्य समुदायका महिलाहरूमा सामान्यीकरण गर्न सकिने छैन् ।

(ङ) यस अध्ययनमा प्रश्नावली, अवलोकन फरम र अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलनकासाधनको रूपमा उपयोग गरिएको छ ।

(च) यस अध्ययन प्राथमिक र द्धितिय तथ्याङ्कमा सिमित गरिएको छ ।

(छ) अध्ययन क्षेत्रमा रहेको विभिन्न समुदायहरु मध्ये तामाङसमुदायका १५–६४ वर्षका ३०० जना महिलाहरुलाई मात्र समावेश गरिएको छ ।

(ज) यस अध्ययनका तथ्याङ्क अध्ययनकर्ताको स्थलगत सर्वेक्षण र द्धितिय तथ्याङ्कहरु पूर्ण रुपमा आधिकारिक छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms)

सशक्तिकरण – परिवर्तन,

सशक्त – बलियो,

समाज – साझा उद्देश्य प्राप्तिका लागि सँगै काम गर्ने मानिसहरूको समुह,

समुदाय – कुनै निश्चित भौगोलिक क्षेत्र भित्र एउटै जीवनशैली अपनाएर बासोबासगरिरहेका मानिसहरूको समुह,

तामाङ – आदिवासी जनजाति अर्न्तगत पर्ने एउटा जाति,

पहुँच – प्राप्ति,

शोषण – अरुलाई कमजोर बनाई ढाँटि, छली, तर्साइ व्यक्तिगत रूपमा गरिने अनुचित लाभ,

आम्दानी – वस्तु वा सेवा विक्री गरिए बापत प्राप्त रकम,

खर्च – वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम,

बचत – आम्दनी र खर्च बिचको अन्तर नै बचत हो,

साक्षर – सामान्य लेखपढ गर्न सक्ने,

लैङ्गिक विभेद – महिला र पुरुषको बीचमा हुने भेदभाव,

सक्षम – कुनै पनि कार्य गर्न योग्य,

निरक्षर – आफ्नो नाम लेख्न र पढ्न समेत नसक्ने मानिस,

## १.८ अध्ययनको सङ्गठन(Organization of the Study)

यस अध्ययनको अनुसन्धानलाई व्यवस्थित गर्न अध्ययनमा सममावेश गरिएका विषयवस्तुहरूलाई पाँच अध्यायमा सङ्गठन गरिएको छ । अध्याय एकमा परिचयको भाग रहेको छ । यस शीर्षक अर्न्तगत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनकने उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको परिसीमा, मुख्य शब्दावलीको परिभाषा र अध्ययनको सङ्गठन समावेश गरिनएको छ । अध्याय दुईमा अध्ययनसँग सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा रहेको छ । यस शीर्षक अर्न्तगत सैद्धान्तिक साहित्यको पूनरावलोकन, पूर्व साहित्यको अध्ययन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर, अध्ययनको सैद्धान्तिक ढाँचा, अवधारणात्मक ढाँचा समावेश गरिएको छ । अध्याय तीनमा अध्ययनको अनुसन्धान विधि र प्रक्रियाहरू रहने छन् जस अर्न्तगत अनुसन्धान ढाँचा, तथ्याङ्क सङ्कलनका स्रोतहरू, जनसंख्या, नमुना आकार र नमुना छनौट रणनीति, अध्ययन क्षेत्र छनौट गर्ने कारण, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क सङ्कलनका प्रविधिहरू र तथ्याङ्कको व्याख्या र विश्लेषण समावेश गरिएको छ । अध्याय चारमा परिणामका विश्लेषण र व्याख्या रहेको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझावहरू राखिएको छ र अन्त्यमा सन्दर्भ सूची र अनुसूचीहरू प्रस्तुथ गरिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF THE RELETED LITERATURE AND THEORETICAL FRAMEWORK)

यस अध्ययनमा अनुसन्धान शीर्षक सँग सम्बन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित लेख, पाठ्यपुस्तक, रचना, जर्नल र प्रतिवेदन लगायतका अभिलेखहरूको पुनरावलोकन गरिएकोछ । यस शोधपत्र तयार गर्दा पुनरावलोकन गरिएका अभिलेखहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१ सैद्धान्तिक सहित्यको पुनरावलोकन (Review of the Theoretical Literature)

राष्ट्रिय महिला आयोग ऐन, (२०७४) का अनुसार महिलाको हक हितको संरक्षण, सम्बर्द्धन तथा महिलालाई सशक्तिकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न राष्ट्रिय महिला आयोगको काम कर्तव्य तथा अधिकार सम्बन्धि प्रचलित कानुनलाई संशोधन र एकिकरण गर्न बान्छनीय भएकाले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन निर्माण गरी प्रस्तुत गरिएको छ ।

Kersberg, (१९९२) सशक्तिकरण शब्द सन् १८९० को दशक यता धेरै प्रचलित हुदै आएको छ । विशेष गरेर महिला अध्ययनका लागि संघर्षरत महिलाहरूले यसलाई अघि बढाएको पाइन्छ । विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरूलाई त्यो अवस्थाबाट मुक्ति दिलाउने उद्देश्यले सशक्तिकरण शब्दको प्रयोग भएकको देखिन्छ । फलतः सशक्तिकरण कार्यक्रममा महिलाभित्र रहेका हिन भावनाहरू हटाउने र त्यस हिन भावना जन्माउने विभिन्न संघसंस्थाहरूमा परिवर्तन ल्याउने गतिविधिहरू समावेश भएको देखिन्छ । यस अर्थ मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो ।

आदिवासी जनजाति ऐन, (२०७४) का अनुसार प्रस्तावनामा आदिवासी जनजातिको गौरवमय इतिहास र संस्कृतिको पदिचान, हक, हितको संरक्षण र सर्म्वधन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्वन्धमा

आवश्यक व्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको बमोजिमको व्यवस्थापिका संसदले यो ऐन निर्माण गरी प्रस्तुत गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोग, (२०७५) ले मानव अधिकारको उद्देश्य, आदिवासी जनजाति महिला सँग सम्बन्धित सवाल र समस्याको बारेमा उल्लेख गरिएको छ । जस अनुसार उद्देश्यहरू मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन र त्यसको प्रभावकारीता कार्यन्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो । आफ्नो जिम्मेवारी वहन गर्नका लागि मानव अधिकारका प्राथमिकताका विषयहरूलाई पहिचान गर्नु । रहेका छन भने आदिवासी जनजाति महिलासँग सम्बन्धित सवाल र समस्याहरू आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफ ७ (ड) मा आदिवासी जनजाति महिलाका बारेमा उल्लेख गरेको छ। संविधानमा नै एक तिहाइ प्रतिनिधित्व महिलाको रहने व्यवस्था भएको छ । यी व्यवस्थाहरू सकरात्मक छन् । त्यसले कानुन निर्माणमा महिलाहरूको उपस्थिति निकै राम्रो बनाउने छ। अर्कोतर्फ, नीतिगतरूपमा पनि आदिवासी जनजाति महिला उल्लेखित नभएका कारण महिलासम्बन्धिका हक, अधिकार उपभोग गर्नमा समस्या उत्पन्न भएको देखिन्छ । राज्यको बजेट, साधन र स्रोतमा आदिवासी जनजाति महिलाहरूको पनि अन्य महिलाहरूसरह प्रभावकारी पहुँचमा समस्या देखिन्छ।

केन्द्रिय तथ्याङ्क विभाग (२०७०) का अनुसार महिला सशक्तिकरण यस्तो प्रक्रिया हो, जसमा समाजका शक्ति, क्षमता, आत्माविश्वास तथा पहुँच नहुने महिलाहरुको लागि शिक्षा, चेतना र अधिकारका अवसरहरु प्रदान गरि क्षमता अभिवृद्धि गरिन्छ । विशेष गरी ग्रामिण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट वञ्चित छन् र उनिहरुलाई पछाडि पारिएको छ । उनिहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । उनिहरुले आफ्नो प्रतिभा, ज्ञान र अनुभवलाई सहि रुपमा प्रयोग गर्न पाएका छैनन् । यस्तो अशक्तता, वञ्चितकरणको अवस्थालाई शिक्षा, अधिकार र अवसरहरु प्रदान गर्ने प्रक्रिया नै सशक्तिकरण हो ।

नेपालको संविधान २०७२ ले स्थानिय तहको स्थानिय कार्यपलिकाको गठन गर्दा समावेशिताको आधारमा गरिने व्यवस्था गरेको छ। गाउँ वा नगर कार्यपालिकाको प्रमुख र उप-प्रमुख मध्ये एकमा महिला हुनुपर्ने, वडा सदस्याहरूमा १ जना जनजाति सदस्य अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै गरि गाउँ वा नगर उप-प्रमुखको

संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गरिने व्यवस्था गरिएको छ । यसरी कानुन मै पनि जनजाति महिलाहरूलाई विशेष प्राथमिकता दिएको पाइन्छ। संविधानकै भाग ३ मा मौलिक हक र कर्तव्य अर्न्तगत सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, महिलाको हक, सामाजिक न्यायको हक आदिको व्यवस्था गरिएको छ। ती हकहरूमा पनि सामाजिक आर्थिक दृष्टिले पिछडीएका महिला जनजातिहरूको सशक्तिकरण र विकासमा जोड दिएको पाइन्छ (नेपाल सरकार, २०७२) ।

राष्ट्रिय महिला आयोग, (२०५८) काअनुसार महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी (CEDAW)ले महिलालाई पुरुष सरह आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न सक्ने लगायतका अधिकार दिनुपर्ने दायित्व परराष्ट्रहरूलाई तोकेको छ (धारा ९) । यस महासन्धीका पालना भए नभएको अनुमान गर्ने महिला विरुद्ध भेदभाव उन्मूलन समितिCEDAW Commitedले सन् २००४ मा नेपाली महिलाहरूलाई अफ्ना सन्तानलाई नागरिकता प्रदान गर्नबाट बञ्चित गरेकोमा विशेष चासो व्यक्त गरेको थियो। महिला विरुद्ध भेदभाव उन्मूलन समिति (CEDAW Committee)ले सन् २०११ जुलाईमा नेपालले पेश गरेको प्रतिवेदनमा उल्लेखित नागरिकता पूर्ण एवम् समान अधिकार दिइनुपर्ने, सो को लागि सबै तहका सरकारी कर्मचारीहरूलाई नागरिकता सम्बन्धि मस्यौदा व्यवस्थाको कार्यन्वयनका लागि तालिम कार्यभर बृहत रूपमा नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभियान सञ्चालन गर्नुपर्दछ भन्ने सुझाव दिएको छ । महिला विरुद्ध भेदभाव उन्मूलन समिति(CEDAW Committee)ले संविधानको मस्यौद गर्दा महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धीको व्यवस्थाहरूलाई मध्यनजर गर्नु पर्ने भनी सुझाव दिएको छ।

कडेरिया (२०६९) का अनुसार नेपाली समाजमा छोरा प्रतिको बढ्दो आर्कषणले छोरीहरुलाई गरिने भेदभावपुर्ण व्यावहारले छोरीलाई पराई घरको सम्पति मान्ने हाम्रो सामाजिक परम्परा र दृष्टिकोणले पनि यिनीहरुको पढाई लेखाईमा नकरात्मक असर परेको पाइन्छ । यस्तै महिलाहरुमा निरक्षरता देखापर्नुको अर्को प्रमुख कारण लैङ्गिक गरिबि हो जसले गर्दा लैङ्गिक असमानता बढेको छ । यद्यपि शहरी क्षेत्रमा केहि शिक्षित महिलाहरु लैङ्गिक सचेतनाप्रति प्रेरित छन् र आफ्नो वर्गमा देखापरेको भेदभाव र थिचोमिचोमा आवाज उठाउन थालेका छन् । तथापि ग्रामीण क्षेत्रका र विपन्न वर्गका महिलाहरुमा उक्त

किसिमको चेतनाको ज्यादै कमि छ । तसर्थ शिक्षा र चेतनाको अभावमा विशेष गरी ग्रामिण क्षेत्रमा महिला जागरण सेवा पुऱ्याउने अगुवा र प्रेरकको भुमिका निर्वाह गर्ने महिलाहरुको प्रायः अभाव छ ।

रेग्मी, (२०६७) का अनुसार नयाँ संविधानमा महिला अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष आर्थिक अधिकार पनि एक हो । नेपालका महिलाहरुलाई आर्थिक अधिकार छैन । आर्थिक अधिकारले सामाजिक र सांस्कृतिक अधिकारलाई पनि प्रभाव पार्दछ । अहिले सम्ममा पैतृक सम्पत्तिमा महिलाहरुको अधिकार छैन । अब बन्ने संविधानमा पैतृक सम्पत्तिमा महिलाहरुको अधिकारको सुनिश्चिता हुनुपर्दछ । त्यस्तै अर्को महत्वपूर्ण पक्ष सामाजिक र सांस्कृतिक अधिकार पनि हो महिलालाई गलत संस्कृतिको कारण दमन गर्ने गरिन्छ । सामाजिक रुपमा शोषण गरिन्छ । विभिन्न खाले धर्म ग्रन्थका आधारमा महिला माथि दमन शोषण गरिएको छ । यौन शोषण, घरेलु हिंसाको शिकार महिलाहरु हुने गरेका छन् । अब बन्ने नयाँ संविधानमा महिलालाई साममाजिक तथा साँस्कृतिक रुपमा कुनै पनि शोषण दमन र उत्पीडन गर्न नपाइने, गर्नेलाई कडा कार्वाही गर्ने व्यवस्था गरिनु पर्छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन(Review ot the Research Literature)

जोशी, (२०६८) ले महिला सशक्तिकरणले उनीहरूको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योग्दान शीर्षकमा डोटी जिल्लालाई अध्ययन क्षेत्र बनाई गरिएको एक अध्ययानमा डोटी जिल्लाको र्दुगम राना गाउँमा बासोबास गर्ने अधिकांश महिलाहरूलाई सामाजिक विभेद, आर्थिक रूपमा विपन्न र आफ्ना समस्याहरू भन्न नसक्ने वा आफुहरूमाथि हुने गरेका विभिन्न प्रकारका विभेद एवम् हिंसाका घटनाहरू समेत लुकाएर राख्ने गरेको अवस्था रहेकोमा महिला सशक्तिकरणको कार्यक्रम सञ्चालन भएपछि उनिहरूको सामाजिक, आर्थिक एवम् वैयक्तिक स्थितिमा परिवर्तनहरू देखा परेको पाइन्छ । महिला सशक्तिकरणको कार्यक्रम सञ्चालन भएपछि महिलाहरू सामाजिक रूपमा सचेत हुन थालेका, महिलामाथि हुने विभेद, हिंसाका घटनाहरू कम हुदै गएका, समुदायमा महिलाहरू प्रति गरिने व्यवहार र महिलाहरूलाई हेरिने दृष्टिकोणमा परिवर्तन आएको, दलित जनजाति र अन्य ठूला जाति बिचको अन्तर घट्दै गएको, महिलाहरू पनि घरयासी काममा मात्र सीमित नभई समुह गठन गर्ने, विभिन्न आयमूलक तालिमहरू लिएर आर्थिक रूपमा पनि सक्रिय हुन थालेको निष्कर्ष निकालेको पाइन्छ । समुदायमा रहेका सबै महिलाहरूलाई

सामान्य साक्षरता बनाउने, चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र महिलाको सामाजिक, आर्थिक एवम् वैयक्तिक सशक्तिकरणका थप कार्यक्रमहरू सञ्चालन गरेको समुदायमा परिवर्तन ल्याउन सकिने भएको हुँदा त्यसमा माथिल्लो निकायबाट थप पहल गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

रेग्मी, (२०६८) का अनुसार महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव विश्लेषण गर्नु, यसका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्य राखेर गरेको अध्ययनमा व्याख्यात्मक र विश्लेषणत्मक अनुसन्धान ढाँचामा आधारित भई झापा जिल्लाको चकचकी गा.वि.स.लाई अभ्यन क्षेत्र मानेर गरिएको अध्ययनमा उत्तरदाता स्वयंले महिलाको शिक्षा सफल नभएको बताए, लक्षित कार्यक्रम सिमित हुनु, सबै छात्रा सम्म नपुग्नु, लैङ्गिकमैत्री शैक्षिक सामग्री र पूर्वाधार नहुनु, छोरीलाई भन्दा छोरालाई महत्व दिएको, विभिन्न सामाजिक कार्यहरूमा महिला सहभागिता हुन विभिन्न कारण देखाएर रोकावट गर्नु, समान कामको असमान ज्याला कायमै रहेको र घरायसी तथा सामाजिक उत्पादनशील कार्यमा मूल्याङ्कन हुन नसकेको देखाईएको छ । यसलाई समधान गर्न महिलाहरूले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने उपयुक्त पद्धतिको विकास सरकारी स्तरबाट गरिनु, आवश्यक सीपमूलक तालिम प्रदान गर्नु, राजनैतिक सहभागितामा वृद्धि र लैङ्गिक समानताको धारणामा विकास गरिनु पर्ने सुझावहरू पेस गरिएको छ ।

सुवेदी, (२०६९) महिला सशक्तिकरण हुनु भनेको महिलाहरूको आर्थिक, सामाजिक विकास हुनु, लैङ्गिक भूमिकामा परिवर्तन आउनु, देशको समग्र विकासमा महिला वर्गको पहुँच हुनु, महिलाहरू संस्थागत रूपमा सङ्गठीत हुनु, निर्णय र नियन्त्रण गर्ने तहमा महिलाहरू पुग्नु र महिलाहरूको स्थितिमा सुधार ल्याई विकासलाई दिगो बनाउनु हो ।

लुईटेल, (२०६२) 'महिला सशक्तिकरण महिलाहरूको चेतनामा परिवर्तनको साथै आफ्नो घरपरिवार र समाजमा परिवर्तन हुनु, स्रोतसाधनमा पहुँच, नियन्त्रण र सामुहिक कार्यमा बढी सहभागि हुनु नयाँ विकासको खोजी गर्न सक्ने हुनु हो ।' त्यसको लागि समुहमा आवद्ध भई सामुहिक शक्तिको विकास पनि गर्नु पर्दछ ।

रेग्मी (२०७३) का अनुसार सशक्तिकारण एउटा यस्तो प्रक्रिया हो जसले व्यक्ति तथा समाजमा रोजाई निर्माण गर्न सक्ने क्षामता विकास गराछउँदछ । सशक्तिकारणले अन्तिम

लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्मविश्वास बढाउँन सामाजिक अनतरकिरण स्रोत साधनको बाँडफाडमा निर्याय गर्ने अधिकार कुन पेशा अलम्बन गर्ने र कसरी जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अवसरहरु उपलब्ध हुनुपर्ने जस्ता कुराहरु समाविष्ट हुन्छन् । साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजि गर्नु उनिहरुलाई आत्मनिर्भर बनाउनु र राजनैतिक क्रियाकलापमा महिला सहभागिता बढाउनु उनिहरुको आन्तरिक क्षमताको उजागर गर्नु स्वरोजगार सृजना ऋण सुविधा उत्पादन वस्तुको बजारमा पहुँच र जोखिम भोग्न सक्ने खुविको विकास जस्ता विषयहरु महिला विकास सशक्तिकरण प्रमुख बिषयहरु हुन जुन व्यक्तिगत प्रयासबाट प्राय : असम्भव छ । यसका लागि राजनीतिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वयम महिलाहरुको सक्रिय सहभागीको खाँचो पर्दछ ।

श्रेष्ठ (२०५८) का अनुसार महिला सशक्तिकरण भन्ने कुरा बेलाबखतमा छापामा लेखेर, संचार माध्यममा बोलेर हुने कुरो होइन, जबसम्म यसलाई व्यवहारमा आफ्नो दैनिक कियाकलापमा, योजना निर्माणमा, निर्णय प्रक्रियामा, कानुन निर्माणमा, रोजगारी एवम् श्रममा, सामाजिक कृयाकलापमा, स्थानिय देखि राष्ट्रिय, राजनैतिक कृयाकलापमा, सक्षम एवम् सक्रिय सहभागि भई प्रतिस्पर्धामा उत्रन तत्परता देखाउँदैनन् तबसम्म यसले सार्थकता पाउन गाह्रो हुन्छ । महिला सशक्तिकरण भनेको एउटा दैनिक जीवनमा आईपर्ने व्यवस्थित प्रक्रिया र क्रियाकलाप हो र यसलाई यस्तो नै हुनुपर्छ भनि ठोकुवा गरी व्याख्या र विश्लेषण गर्न कठिन हुन्छ ।

गुरुङ्ग, (२०७४) ले महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव शीर्षकमा झापा जिल्ला अर्न्तगत कचनकवल गाउँपलिका वडा नं. ६ मा गरिएको एक अध्ययनको उद्देश्य महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन गर्नु रहेको थियो । तथ्याङ्क सङ्कलन, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको अध्ययन अनुसार अध्ययन क्षेत्रमा सबैभन्दा बढी कृषि पेशामा संलग्न ४१.४ प्रतिशत, वैदेशिक रोजगारिमा ४ प्रतिशत, दाइजोलाई ठिक मान्ने ६ र बेठिक मान्ने ९६ प्रतिशत, महिलाहरूको व्यक्तिगत स्रोत वार्षिक आम्दानी औषत २,४४,५००, व्यक्तिगत वार्षिक बचत औषत ३९,२५९, वशं धान्न छोरा नै चाहिन्छ भन्नेमा ३७.५ प्रतिशत, छोरी मात्रा हुदा पनि

हुन्छ भन्नेमा २२.५ प्रतिशत र समान महत्व छ भन्नेमा ४० प्रतिशत देखियो । यसको मुख्य कारण महिलालाई शिक्षाको पहुँच नपुग्नु हो र यसका लागि महिलाहरूले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने पद्धतिको विकास सरकारी स्तिरबाट नै गरिनु पर्ने, महिलाहरूलाई लैङ्गिक समानता, सहभागिता, सामाजिक सचेतनामुखि कार्यक्रमहरू ग्रामीण स्तरमा विकास गरिनु पर्ने नीतिगत तथा व्यावहारिक सुझावहरू वताएका छन् ।

Bhasin, (1992)'महिला सशक्तिकरण निरन्तर चलिरहने एक गतिशिल प्रकृया हो । जसले महिला र पुरुषको बीचको शक्ति सम्बन्धलाई परिवर्तन गर्न सक्षम र दक्षता प्रदान गर्दछ । सशक्तिकरणको प्रक्रियमा कुराकानी छलफल, समूह गोष्ठी, वकालत कानुन आदि पर्दछन् ।' सशक्तिकरण प्रक्रिया मात्र नभएर परिणम पनि हो । सशक्तिकरणबाट स्रोत साधन माथि नियन्त्रण पनि हुन्छ । जो शक्तिहिन छ उसले शक्तिसम्पन्नबाट शक्ति प्राप्त गर्नु सशक्तिकरण हो तापनि सशक्तिकरण छाडा नभई मानवीय मूल्य र मान्यतासँग गाँसिएको हुन्छ ।

आर्यल, (२०७३) ले महिलाहरूको आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरूबाट प्राप्त आम्दानीको तुलनात्मक अध्ययन शीर्षकमा कपिलवस्तु जिल्लाको तिलौराकोट गा.वि.स.मा गरिएको अध्ययनको उद्देश्य महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको बारेमा अध्ययन गर्नु, घरको वर्षिक आयमा महिलाहरूको योग्दान पत्ता लगाउनु रहेको थियो । वर्णनात्मक र अन्वेषण विधि प्रयोग गरिएको अध्ययनमा समग्रमा हेर्दा गैरआर्थिक क्रियाकलापमा संलग्न महिलाहरू भन्दा आर्थिक क्रियाकलापहरूमा संलग्न महिलाहरूले घरको वार्षिक आयमा उल्लेख्य योग्दान गरेको पाईयो । सो क्षेत्रको पेशागत आम्दानीको स्रोत ७० प्रतिशत कृषि, पशुपालन र दुधबाट १५ प्रतिशत र अन्यले व्यापार, नोकरिबाट जीविको पार्जन गरेको देखाईएको छ । यसरी यस अध्ययन अनुसार महिलाहरूले प्राप्त आम्दानीबाट बचत गर्ने, आत्मविश्वासमा वृद्धि जस्ता सवल पक्षाहरू र सामाजिक कार्यमा महिलालाई पुरुष सरह सहभागिता गराउन नसक्नु, जनचेतनामा उल्लेख्य सुधार हुन नसक्दा अपेक्षा अनुसारको प्रगति हुन नसकेको देखाइएको छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Study)

महिलाहरूको विकास हुनका निमित्त सामाजिक, आर्थिक, शैक्षिक तथा अन्य क्षेत्रहरूमा महिलाहरूको पहुँच र सहभागिता हुन आवश्यक र अनिवार्य देखिन्छ । ग्रामीण र स्थानिय स्तरमा विभिन्न सचेतनात्मक कार्यक्रम र महिला सशक्तिकरण जस्ता कार्यक्रमहरूले महिलाहरूलाई आर्थिक, सामाजिक र शैक्षिक रूपमा सक्षम बनाएको पाइन्छ । यस्ता कार्यक्रमहरूले समाजमा महिलाहरूलाई विभिन्न क्षेत्र घरायसी र सामाजिक निर्णय गर्नमा सक्षम, आर्थिक र शैक्षिक क्षेत्रमा गरिने निर्णयमा सक्षम र सवल बनाउदैँ आएको पाइन्छ । शैक्षिक रूपमा सक्षम भएतापनि घरायसी काममा मात्र सीमित रहेको घर बहिरको कार्यक्रम, तालिम तथा सभा सम्मेलन आदिमा भाग लिन अलि सहज वातावारण नरहेको तर सामाजिक रूपमा सशक्त महिलाहरू भने उक्त अवसरहरूबाट बञ्चित नरहेको पाईयो । सामाजिक रूपमा कमजोर महिलाहरू परम्मरागत कुरिति र अन्धविश्वासलाई नै अङ्गालेको पाईयो र समाजमा यस्ता पितृसत्तात्मक सोच शिक्षा प्रदान गर्न छोराछोरीमा विभेद रहेको कारणले महिलाहरूको विकास नभएको र महिलाहरूले गर्ने घरेलु कार्यको मूल्याङ्कन नभएको पाइयो ।

नेपालमा महिलाहरूको विकासका लागि विभिन्न संघसंस्था, आयोग र व्यक्तिहरूले गरेको शोध अनुसन्धान, लिखित पुस्तक तथा प्रतिवेदनहरूको अनुसार महिलाहरूको विकास, पहुँच र सशक्तिकरण सँगै उपलब्धिमा पनि सुधार गर्दै जाने पक्षमा जोड दिइएको पाईयो । कुल ग्राहस्था उत्पादनमा महिलाहरूको योग्दानलाई गणना गरिएको अवस्था छैन तर राष्ट्र निर्माणमा महिलाहरूको भूमिका ठूलो रहदै आएको पाईन्छ जुन छलफलको विषय बनेको छ । महिलाहरूको उपलब्धि र शिक्षाबाट उसको परिवारको जीवनस्तर निर्धारण गर्दछ । यसका लागि सम्पूर्ण निकायहरूको ध्यान केन्द्रित हुन आवश्यक छ र यीनै कुराहरूको विकासका लागि सचेतनात्मक कार्यक्रमहरूले चेतनाको अभिवृद्धिका साथै आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा विकास, सुधार र पुऱ्याईएको योग्दानका लागि यस अध्ययन गरिएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

महिलालाई आधार बनाएर यस भन्दा अगाडी पनि धेरै अनुसन्धान कार्य सम्पन्न भएका छन् जसमा विभिन्न समुदायका महिलाहरू र समग्र नेपालको महिलाहरूको अवस्था पत्ता लगाउनु, आर्थिक, समाजिक, र शैक्षिक अवस्थाको अध्ययन, समस्याहरूको निर्धारण र न्यूनिकरणका लागि सुझावहरू प्रस्तुत गर्नु जस्ता शीर्षकहरूमा अनुसन्धान गरिएका छन् । यस अध्ययन पनि महिलाहरूको बारेमा आधारित छ । पूर्व साहित्यको पुनरावलोकन गरी ती अनुसन्धानहरूको विधि, प्रविधि र निष्कर्षलाई मार्गदर्शनको रूपमा लिदै यो अध्ययन तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकामा केन्द्रित गरिएको छ । पहिले गरिएका अनुसन्धानहरू र यस अनुसन्धानबीचको अन्तरलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छः

(१) पहिले गरिएका अनुसन्धानहरू समग्र महिलाहरूको सशक्तिकरण पत्ता लगाउने थियो भने यस अनुसन्धान तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था पत्ता लगाउनु रहेको छ ।

(२) पहिले गरिएका अनुसन्धानहरू महिला सशक्तिकरणको आर्थिक, शैक्षिक प्रभावमा केन्द्रित थियो भने यस अनुसन्धान तामाङ समुदायका महिलाहरूले सामाजिक तथा आर्थिक क्रियकलापहरूमा खेलेको भूमिकाको अध्ययन गरिएको छ ।


## २.५ अध्ययनको सैद्धान्तिक ढाँचा (Theoretical Framework of the Study)

महिलाहरूको विकासमा पहुँच नहुनुमा सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा प्रभाव पार्ने तत्वहरू लैङ्गिक विभेद, असमानता, गरिबी, परम्परागत सोच, सचेतनात्मक कार्यक्रमको उपयोगमा समस्याहरू नै हुन जुन माथि उल्लेख गरिएको साहित्यको पुनरावलोकनबाट पनि प्रष्ट भइसकेको छ । आधुनिकीकरणमा मार्क्सवादीको धारणा अनुसार समाज विकास हुदै जाँद समाजमा रहेका परम्परावादी सोच भएका व्यक्तिहरूविचमा एक किसिमको द्वन्द्व हुने गर्दछ तसर्थ परम्परावादी सोचको ठाउँमा आधुनिकीकरणको प्रभाव पर्दै गयो भने त्यहाँ आधुनिकीकरणको सिद्धान्त लागु भयो भन्न सकिन्छ । यसको ठीक उल्टो समाजमा परम्परावादीहरूले आफ्नो पुरानो सोचलाई बदल्न नसक्ने र नयाँ विचारधारालाई पनि अंगाल्न नसक्ने अवस्था यदि आउछ भने त्यहाँ आधुनिकीकरणको प्रभाव परेको भन्न

मिल्दैन । अतः समाज विस्तारै आधुनिकीकरणको प्रभावबाट गुज्रिदै र पुरानो मुल्यमान्यता र संस्कार, संस्कृतिलाई भुल्दै गएको अवस्था भने रहेको देख्न सकिन्छ (पौडेल, २०६१) ।


## २.६ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययन पूर्व गरिएका विभिन्न अनुसन्धान तथा खोजहरूद्धारा प्राप्त निष्कर्षहरूको पुनरावलोकनको आधारमा महिला सचेतिकरण र सशक्तिकरणलाई प्रभाव पर्ने कारक तत्वहरूको पहिचान गरिएको छ । यस अनुसन्धान सँग सम्बन्धित अवधारणत्मक ढाँचालाई निम्नानुसार उल्लेख गरिएको छ ।




स्रोतः सुवेदी (२०६९)

## २.६ कार्यात्मक ढाँचा(Functional Framework)



# अध्याय तीन (CHAPTER THREE)

# अनुसन्धान विधि र प्रक्रिय (RESEARCH METHOD AND PROCEDURES)

यस अध्ययनमा अनुसन्धानको क्रममा प्रयोग गरिने अध्ययन प्रक्रियहरूको बारेमा छलफल गरिएको छ । अध्ययन विधिमा विशेषता अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, अध्ययनको जनसंख्या एवम् नमुना छनौट रणनीति, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलनका तरिकाहरू र तथ्याङ्कको व्याख्या र विश्लेषण जस्ता शीर्षकहरु समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा नेपालको प्रदेश नं. ३ अन्तर्गत सिन्धुपाल्चोक जिल्ला, बलेफी गा.पा. वडा नं. ६ मा बसोबास गर्ने तामाङ समुदायको महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकाको विश्लेषण गर्न खोजिएको छ । उनीहरूको सामाजिक स्तर, स्रोत साधनमा पहुँच, निर्णायक क्षेत्रमा महिलाको प्रतिनिधित्व अध्ययन गर्नका लागि र अध्ययनले लिएको उद्देश्य पूरा गर्न तालिका, स्तम्भचित्र, वृत्तचित्र, प्राथमिक तथा द्वितिय तथ्याङ्क, अन्तर्वार्ता, प्रश्नावली, स्थलगत निरिक्षण मार्फत प्राप्त गुणात्मक र परिमाणात्मक तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा तयार पारि व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू(Sources of Data Collection)

यस अध्ययनमा मुख्यतय दुई किसिमका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक र द्वितिय तथ्याङ्कका स्रोतहरूलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Sources of Primary Data)

यस अध्ययनको लागि प्राथमिक तथ्याङ्कको स्रोत नमुना छनौटमा परेका अध्ययन क्षेत्रका महिलाहरू रहेका छन् ।

### ३.२.२ सहायक स्रोत(Sources of Secondary Data)

यस अध्ययन कार्य सम्पन्न गर्न प्राथमिक स्रोतबाट मात्र नसमेटिने भएको हुनाले द्वितीय स्रोतलाई पनि लिइएको छ । यस अन्तर्गत विभिन्न समुदायका महिलाहरू सँग सम्बन्धित लेख रचनाहरू, पत्रपत्रिका, शोधपत्र, केन्द्रिय तथ्याङ्क विभाग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रकाशित तथा अप्रकाशित प्रतिवेदनहरू, महिला आयोग, गाउँपालिका तथा वडाका विभिन्न प्रयोजनका निम्ति तयार गरिएको दस्तावेजहरू आदिबाट आवश्यक र उपयोगी तथ्याङ्कहरु सङकलन गरिएको छ ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययन तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिका शीर्षक अर्न्तगत सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिकाको वडा नं. ६ मा सम्पन्न गरिएको छ । उक्त क्षेत्रको जनसंख्या, नमुना आकार र नमुना छनौटलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या(Population)

यस अध्ययनका लागि सिन्धुपाल्चोक जिल्ला अर्न्तगत बलेफी गाउँपालिका वडा नं. ६ मा रहेका तामाङ समुदाय ४५९ घरधुरी सङ्ख्यामा बासोबास गर्ने कुल जनसंख्या १९८५ मध्ये महिला १०४९ र पुरुष ९३६ मध्ये १५ देखि ६४ उमेर समुहका सक्रिय महिलाहरूको जनसंख्या ५८४ बाट २३० घरधुरी आउने गरी ३०० जना महिलाहरूको अध्ययन गरिएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययन क्षेत्रमा रहेका तामाङ समुदायको कुल ४५९ घरधुरी भित्र बसोबास गर्ने मध्ये छनोटमा परेका २३० घरपरिवारको १५ देखि ६४ उमेर समुहका ३०० जना महिलाहरू अर्थात जम्मा घरपरिववारको ५० प्रतिशत आउने गरि यस अध्ययनको नमुना आकारको रूपमा लिइएको छ ।

### ३.३.३ नमुना छनौट रणनीति (Sample Selection Strategy)

यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता सँग समय, आर्थिक लगानी र आवश्यक जनशक्ति अभावका कारण निश्चित मात्रा जनसंख्यालाई नमुनाको रूपमा छनौट गरिएको छ ।

(क) यस अध्ययनका लागि सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका वडा नं. ६ को तामाङ समुदायलाई उद्देश्यमुलक नमुना छनौट विधिको आधारमा छनौट गरिएको छ । किनभने तथ्याङ्क सङ्कलन गर्न सजिलो होस भन्ने उद्देश्यले यसलाई छनौटगरिएको हो ।

(ख) यस अध्ययनमा आर्थिक रूपमा सक्रिय जनसंख्या १५ देखि ६४ वर्ष उमेर समुहको तामाङ समुदायका कुल ५८४ सक्रिय महिला जनसंख्या मध्ये ३०० जना अर्थात ५० प्रतिशत जनसंख्या सम्भावनायुक्त नमुना छनौट विधिका आधारमा अध्ययनका लागि छनौट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्रको छनौट गर्ने कारण (Reason for Selection of the Study Area)

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि अंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षाशास्त्र अध्ययन गर्ने विद्यार्थीका लागि शोधपत्र तयार गर्नु पर्ने भएकाले अनुसन्धानका लागि सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नं. ६ लाई अध्ययन स्थलको रूपमा छनौट गरिएको छ । उक्त क्षेत्र छनौट गर्नुका मुख्य कारणहरू निम्नानुसार छन्ः

(१) अध्ययनकर्ताको रुचि र पूर्ण जानकारी भएको क्षेत्र भएकोले ।

(२) तामाङ समुदायका महिलाहरूको वर्तमान अवस्था पत्ता लगाउन र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिका पत्ता लगाउन ।

(३) तामाङ समुदायका महिलाहरूको आर्थिक तथा पारिवारिक निर्णयमा कस्ता भूमिका रहेको छ पत्ता लगाउन ।

(४) आवश्यक पर्ने विभिन्न तथ्याङ्क तथा विवरणहरू सहजै उपलब्ध हुन सक्ने भएकाले ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू(Data Collection Instruments)

यस अनुसन्धानका निमित्त तथ्याङ्क सङ्कलन गर्ने प्रमुख औजार प्रश्नावली हो । यस बाहेक अवलोकन र असंरचित अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

तथ्याङ्क सङकलनका लागि नमुना छनौटमा लिएका महिलाहरूका लागि प्रश्नावली निर्माण गरी प्रश्नावली वितरण अर्थ जान्नेलाई एक एक प्रति उपलब्ध गराईएको छ र नजान्नेलाई अध्ययन कर्ता आफै उपस्थित भई प्रश्नावली भराईएको छ । महिलाहरूलाई सोधिने प्रश्नावलीले उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक निर्णय प्रक्रियामा उनीहरूको भूमिका र उनीहरू कति सक्षम छन् भन्ने पत्ता लगाउन प्रयोग गरिएकको र उक्त प्रश्नावलीको नमुनाहरूलाई अनुसूची १ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची(Observation List)

यस अध्ययनलाई पूरा गर्न अध्ययनकर्ता स्वयं अध्ययन स्थलमा गएर छनौटमा परेका महिलाहरूको घरधुरिमा प्रत्यक्ष गएर उनीहरू बस्दै आएको घरको भौतिक अवस्था, सरसफाई, खानेपानीको अवस्था, शौचालयको अवस्था, घर भित्रको सजावट, घरवरिपरिको जग्गा जमिन, बोलिचालि, बालबच्चाको प्रकृति आदि कुराको फारम बनाई अवलोकन गरिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस अध्ययन क्षेत्रका महिलाहरूको आम्दानीका स्रोतहरू, खर्चका क्षेत्रहरू, सामाजिक, आर्थिक तथा शैक्षिक क्रियकलापमा उनीहरूले खेलेको भूमिका साथै महिलाहरूले भोगिरहेकका समस्या र त्यसलाई न्यूनिकरणका उयपायहरू छलफल अर्न्तक्रिया गर्नका लागि नमुना छनौट वडाका वडा अध्यक्ष सँग छलफलका लागि छलफल निर्देशिकाको प्रयोग गरिएको छ । जसको नमुनालाई अनुसूची २ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका तरिकाहरू(Techniques of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समुह छलफल प्रविधिहरुको प्रयोग गरिएको छ । जुन निम्नानुसार छन् ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

अध्ययन क्षेत्रका महिलाहरूको वर्तमान अवस्था र उनीहरूले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिका, भोगिरहेको सामाजिक समस्याहरू, परिवारको किसिम, निर्णय प्रक्रियमा उनीहरूको सहभागीता आदि पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ र अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भएर महिलाहरू सँग प्रत्यक्ष मौखिक अन्तर्वार्ता लिइएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको क्रममा अध्ययनकर्ता आफै उपस्थिति भई महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक अवस्था, स्वतन्त्रता, घर भित्रको सानो निर्णय देखि सामाजिक निर्णयहरूमा सहभागिता र शिक्षा स्वास्थ्यमा चेतनाको स्तरबारे प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Focused Group Discussion)

यस अध्ययनका क्रममा आवश्यक तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित अध्ययन क्षेत्रको वुद्धिजिवि महिला, शिक्षक महिला, घरमुलि महिला, स्वयम्सेविका महिला, समाजसेवि

महिलाहरू समावेशिताका आधारमा विभिन्न सामाजिक सूचकहरू जस्तैः शैक्षिक, आर्थिक, रोजगार, प्रजनन्दर, आय, पारिवारिक तथा सामाजिक निर्णय प्रक्रियामा महिला सहभागिता, राजनैतिक तथा समाजसेवमा सक्रियताका आधारमा महिलाहरुलाई प्रतिनिधिमुलक छनोट गरि १ घण्टा छलफल कार्यक्रम सञ्चालन गरि उद्देश्य प्राप्तिका लागि आवश्यक तथ्याङ्क सङ्कलन सहज बनाईएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण (Interpretstion and Analysis of Statistics)

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई छनौटमा परेका वडाको वडाअध्यक्षलाई प्रत्यक्ष रूपमा भेट गरिएको छ । यस अनुसन्धानको उद्देश्य प्रष्ट पार्दै आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि उचित वातावारण सिर्जना गरिदिन वडा अध्यक्षलाई आग्रह गरि निर्माण गरिएका साधनहरूको प्रयोग गरि नमुनाको रूपमा छनौट भएका विभिन्न व्यक्तिहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी तथ्याङ्क सङ्कलन गरिएका मिल्दाजुल्दा तथ्याङ्कहरूलाई विभिन्न शीर्षकमा विभाजन गरि सरल र स्पष्ट भाषामा विश्लेषण गरिएको छ । विश्लेषण गरिएका तथ्याङ्कहरूलाई बढी रोचक र स्पष्ट बनाउन तालिका, चार्ट, ग्राफ, वृत्तचित्र आदिको प्रयोग गरिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

# परिणामको विश्लेषण र व्याख्या (ANALYSIS AND INTERPRETATION OF THE RESULT)

## ४.१ सिन्धुपाल्चोक जिल्लाको परिचय (Introduction of Sindhupalchok District)

नेपालको सातवटा प्रदेशहरुमध्ये बागमती प्रदेश अर्न्तगत पर्ने एउटा जिल्ला सिन्धुपाल्चोक जिल्ला हो । सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा हो । सिन्धुपाल्चोक जिल्लामा ९ वटा गाउँपालिका र तीनवटा नगरपालिका रहेका छन् । यस जिल्ला विकासको हिसाबले पछाडी परेको हिमाली जिल्ला हो । नेपालको कुल भूभागको १.७३ प्रतिशत भूभाग ओगटेको यस जिल्ला बागमती प्रदेशमा रहेको १३ वटा जिल्लाहरु मध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो जिल्ला रहेको छ । यस जिल्ल्लाको सिमाना उत्तरमा चीनसँग, पश्चिममा रसुवा र नुवाकोटसँग, दक्षिणमा काठमाडौं र काभ्रेपलान्चोकसँग र पूर्वमा दोलखा र रामेछापसँग जोडिएको छ (वस्तुगत विवरण, २०७५) ।

### ४.१.१ भौगोलिक अवस्था (Geographical Condition)

नेपालको कुल क्षेत्रफल मध्ये १.७३ प्रतिशत भूभाग ओगटेको सिन्धुपाल्चोक जिल्ला बागमती प्रदेशका १३ वटा जिल्लाहरु मध्ये क्षेत्रफलको दृष्टिले सबैभन्दा ठूलो जिल्ला हो । यस जिल्लाको क्षेत्रफल २५४२ वर्ग कि.मि रहेको छ । विश्व मानचित्रमा २७.२७ डिग्री देखि २८.१३ डिग्री उत्तरी अक्षांश र ८५.२७ डिग्री देखि ८६.०६ डिग्री पूर्वी देशान्तर सम्मा फैलिएर रहेको छ । यस जिल्ला पहाडी क्षेत्रमा अवस्थित रहेको छ । यस जिल्लाको पूर्वमा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्वत र दोलखा, दक्षिणमा काभ्रेपलाञ्चोक र रामेछाप जिल्ला, पश्चिममा काठमाडौं र नुवाकोट जिल्लालाई छोए सँगै उत्तरतर्फ रसुवा र चीनको स्वशासित क्षेत्र तिब्वत जोडिएको छ । समुन्द्रि सतहबाट करिब ६७१ मिटर देखि ७०८६ मिटर उचाईमा रहेको यस जिल्लाको सदरमुकाम चौतारा समुन्द्री सतहबाट १४२८ मिटरको उचाईमा रहेको छ । यस जिल्लाको पूर्वपश्चिम औसत चौडाइ ४९.३८ कि.मि. र उत्तरदक्षिण तर्फको लम्बाइ ५३.०६ कि.मि. रहेको छ । यस जिल्लाको अधिकतम तापकम

३२.५ डिग्री सेल्सियस देखि न्यूनतम ५ डिग्री सेल्सियस रहेको र औसत २६१.५ मिलिमिटर वर्ष हुने गर्दछ (वस्तुगत विवरण, २०७५) ।

### ४.१.२ आर्थिक अवस्था (Economic Condition)

सिन्धुपाल्चोक जिल्लाको आर्थिक गतिविधिको प्रमुख क्षेत्रहरु भनेको कृषि र पशुपालन रहेको छ । जसमध्ये मुख्य खेती भनेको धान, मकै, गहुँ, कोदो, जौं, आलु र फापर खेती रहेको छ । यहाँका अधिकांश मानिसहरुको आयस्रोत कृषि भएपनि व्यापारव्यवसायमा पनि उत्तिकै संलग्न रहेको पाइन्छ । त्यसैगरि विभिन्न सरकारी तवरका निजामति सेवा, शिक्षण पेसा वा अन्य विभिन्न पेसामा पनि आवद्ध रहेका छन् । यहाँका अधिकांश मानिसहरु मध्यम परिवारका रहेका छन् । परिवारीक आर्थिक सुधारका निम्ति वैदेशिक रोजगारीमा जानेको संख्या पनि प्रशस्त रुपमा पाइन्छ । जहाँ विप्रेषणको माध्यमले आर्थिक विकासमा टेवा पुऱ्याइरहेको छ (वस्तुगत विवरण, २०७५) ।

### ४.१.३ सामाजिक अवस्था (Social Condition)

सिन्धुपाल्चोक जिल्लामा विभिन्न जातजातिका मानिसहरुको बासोबास रहेको पाइन्छ । यहाँ तामाङ, क्षेत्री, ब्राम्हण पहाडी, विश्वकर्म, सन्यासी, शेर्पा, माझी, दमाई, मगर, थामी, हेल्मो लगायतका अन्य जातजातिहरुको पनि बासोबास रहेको पाइन्छ । यहाँ विभिन्न जातजातिको बासोबास रहेतापनि जातिय र धार्मिक सहिष्णुता रहेको छ (वस्तुगत विवरण, २०७५)।

### ४.१.४ शैक्षिक अवस्था (Educational Condition)

नेपालको पहिलो साक्षर जिल्लाको रुपमा घोषणा भएका जिल्ला सिन्धुपाल्चोक जिल्ला हो । जसलाई २०७१ असार २ गते साक्षर जिल्ला घोषण गरिएको थियो । यस जिल्ला शैक्षिक क्षेत्रमा अग्रगतिमा रहेको जिल्लाहरु मध्ये एक हो । शैक्षिक क्षेत्रमा उल्लेख्य रुपमा सामुदायिक तथा नीजि विद्यालयहरु सञ्चालनमा रहेका छन् । सिन्धुपाल्चोक जिल्लाको कुल साक्षरता जम्मा ५९.५८ रहेकोमा महिला ५१.८८ प्रतिशत र पुरुष ६७.९७ प्रतिशत रहेको छ (स्रोतः राष्ट्रिय जनगणना २०६८) । यस जिल्लामा आधारभूत र माध्यामिक तहका शैक्षिक संस्थाहरु गरी जम्मा ६०२ (खुल्ला ३ बाहेक) रहेका छन् ।

सामुदायिक विद्यालय तर्फ जम्मा ५६७ (खुल्ला ३ बाहेक) रहेका छन् । बाल विकास केन्द्र ३५२ वटा स्नात्तक क्याम्पस १२ वटा र वैकल्पिक विद्यालय १० वटा रहेका छन् (वस्तुगत विवरण, २०७५) ।

### ४.१.५ जनसाङ्खिक अवस्था (Demographic Condition)

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार सिन्धुपाल्चोक जिल्लाको कूल जनसंख्या २६२८५२ जना रहेको छ । जसमा पुरुषको जनसंख्या १२९३९५ जना (४९.२२ प्रतिशत) र महिलाको जनसंख्या १३३४५७ जना (५०.७७ प्रतिशत) रहेको छ । यहाँ मुल घरपरिवार संख्या ७३०१० रहेको छ भने परिवारको औसत आकार ३.६० जना रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर –०.८७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा) ।

## ४.२ बलेफी गाउँपालिकाको परिचय (Introduction of Balephi Rural Municipality)

नेपालको वागमती प्रदेशको एक जिल्ला सिन्धुपाल्चोक जस अर्न्तगत पर्ने एक गाउँपालिका बलेफी गाउँपालिका रहेको छ । यस बलेफी गा.पा. साविकको जलबिरे, फुल्पिङकोट, फुल्पिङडाँडा र मांखा गा.वि.स. मिलाएर नेपाल सरकारको वि.सं. २०७३ सलको निर्णय बमोजिम यस गाउँपालिकाको गठन भएको हो ।

यस गाउँपालिकाको पूर्वमा बाह्रबिसे नगरपालिका, पश्चिममा चौतारा साँगाचोकगढी नगरपालिका, उत्तरमा जुगल गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी गाउँपालिका र सुनकोशी गाउँपालिका सँग सीमाना जोडीएको छ । यस गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बासोबास रहेको पाइन्छ । जसमा तामाङ, बाहुन, क्षेत्री, नेवार, कामी, माझी, दमाइ, गुरुङ आदि रहेको छ (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.२.१ भौगोलिक अवस्था (Geographical Condition)

सिन्धुपाल्चोक जिल्लामा अवस्थित बलेफी गाउँपालिका रहेका छन् । यस गाउँपालिकाको पूर्वमा बाह्रविसे नगरपालिका, पश्चिममा साँगाचोकगढी नगरपालिका,

उत्तरमा जुगल गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी गाउँपालिका र सुनकोशी गाउँपालिका सँग सिमाना जोडिएको छ (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.२.२ शैक्षिक अवस्था (Educational Condition)

बलेफी गाउँपालिकामा विद्यालय र समुदायमा आधारित वालविकास केन्द्र २८ वटा सञ्चालनमा रहेका छन् । त्यस्तै २७ वटा आधारभूत विद्यालयहरु र सरकारी स्तरका १० वटा माध्यामिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । यसैगरी यस गाउँपलिकामा एक क्याम्पस जलविरे भ्याली क्याम्पस जसमा स्नातक तह सम्मको अध्ययन विभिन्न विषयहरुमा सञ्चालन हुदै आइरहेको छ । यसका साथै अन्य निजी स्तरका विद्यालयहरु पनि सञ्चालनमा रहेका छन् (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.२.३ सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition)

बलेफी गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दै आइरहेका छन् । यहाँ तामाङ, बाहुन, क्षेत्री, नेवार, कामी, माझी, दमाइ, गुरुङ आदि जातजातिहरु रहेका छन् । उनीहरुको भाषा, धर्म, संस्कृति र सामाजिक रहनसहनमा विविधता रहेको देख्न पाइन्छ । यहाँ हिन्दु, बौद्ध, क्रिश्चियन धर्मको बाहुल्यता रहेकोले विभिन्न धार्मिक स्थलहरु पनि रहेको छ (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.२.४ आर्थिक अवस्था (Economic Condition)

बलेफी गाउँपालिकामा कृषि लगायत मानिसहरु विभिन्न पेशा व्यवसायमा आवद्ध रहेका छन् । साथै केही मानिसहरु निजामती सेवा, शिक्षक सेवामा आवद्ध रहेका छन् भने केही मानिसहरु वैदेशिक रोजगारीका लागि अन्य मुलुकमा गएका छन् । यस गाउँपालिकामा सञ्चार तर्फ पनि उल्लेखनीय विकास भएको पाइन्छ । रेडियो, टेलिभिजन देखि लिएर अतिरिक्त हुलाकको साथै नेपाल टेलिकम, एनसेल कम्पनीका सेवाहरु, इन्टरनेट र ल्यान्डलाइन फोनको पनि सुविधा रहेको छ । खानेपानीको लागि पनि ट्याङ्कीको व्यवस्था रहेको छ । जसको कारण खानेपानीको राम्रो व्यवस्था रहेको छ । यहाँ विकासका पूर्वधार शिक्षा, स्वास्थ्या तथा यातायातका साधानहरुको पनि राम्रो व्यवस्था रहेको छ । जसले गर्दा व्यापार व्यवसायमा सहयोग पुगिरहेको छ । बैङ्किङ् तथा वित्तीय संस्थाहरुको अवस्थालाई

हेर्दा कृषि विकास बैङ्क, लाक्ष्मी बैङ्क, सिन्धुविकास बैङ्क, महालक्ष्मी विकास बैङ्क, एन.आई.सी एसिया बैङ्क, तथा विभिन्न लघुवित्ताहरु पनि रहेका छन् (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.२.५ जनसाङ्खिक अवस्था (Demographic Condition)

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार बलेफी गाउँपालिकाको जनसंख्या १६,४६५ जना रहेको छ । जसमध्ये पुरुष ८०६२ अर्थात ४८.९६ प्रतिशत र महिला ८४०३ अर्थात ५१.०३५ प्रतिशत रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार लैङ्गिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ९५.९१ रहेको छ । जनगणना २०७८ मा वार्षिक जनसंख्या बृद्धिदर ०.९३ प्रतिशत रहेको छ भने जनघनत्व १९८ प्रतिवर्ग कि.मि. रहेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार वलेफी गाउँपालिकामा ४७३० घर परिवार संख्या रहेका छन् ।

## ४.३ बलेफी गाउँपालिकाको वडा नं. ६ को परिचय (Introduction of Ward no. 6 of Balephi Rural Municipality)

बलेफी गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । जसमध्ये वडा नं. ६ लाई अध्ययनको क्षेत्र बनाइएको थियो । किनकी यस वडामा तामाङ समुदायको बाहुल्यता रहेको पाइन्छ । बलेफी गाउँपलिका निर्माण भएर वडाहरु छुट्याइसकेपछि साविकको मांखा गा.वि.स वडा नं. ७, ८ र ९ मिलाएर वडा नं. ६ बनाइएको थियो । यस वडाको पूर्वमा बलेफी गाउँपालिका वडा नं. ७ र ८, पश्चिममा बलेफी गाउँपालिका वडा नं. ४ र ५, उत्तरमा बलेफी गाउँपालिका वडा नं. ३ र दक्षिणमा सुनकोशी गाउँपालिका सँग सिमाना जोडिएको छ । यस वडाको दक्षिणी सिमानामा अरनिको राजमार्ग सँगै सुनकोशी नदी रहेको छ । यस वडामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेको पाइन्छ । जसमा तामाङ, ब्राह्मण, क्षेत्री, कामी, दमाई आदि रहेको पाइन्छ (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.३.१ भौगोलिक अवस्था (Geographical Conditions)

सिन्धुपाल्चोक जिल्लामा अवस्थित बलेफी गाउँपालिका अर्न्तगत पर्ने वडा नं. ६ पूर्वमा बलेफी गाउँपालिका वडा नं. ७ र ८, पश्चिममा बलेफी गाउँपालिका वडा नं. ४ र

५, उत्तरमा बलेफी गाउँपालिका वडा नं. ३ र दक्षिणमा सुनकोशी गाउँपालिका सँग सिमाना जोडिएको छ । यस वडाको अधिकांश क्षेत्र वनजङ्गलले घेरिएको छ (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.३.२ शैक्षिक अवस्था (Educational Condations)

शैक्षिक अवस्थाको अध्ययन गर्दा बलेफी गाउँपालिका वडा नं. ६ मा विद्यालय तथा समुदायमा आधारित बाल विकास केन्द्र ५ वटा सञ्चालनमा रहेका छन् । त्यस्तै आधारभूत स्तरको १–५ कक्षा सम्मा सञ्चालनमा रहेको विद्यालय ३ वटा, १–८ कक्षा सञ्चालनमा रहेको विद्यालय १ वटा र माध्यामिक विद्यालय १ वटा रहेका छन् । यस वडामा नीजि विद्यालयहरु सञ्चालनमा रहेका छैनन् (गाउँपालिका पार्श्वचित्र, बलेफी २०७५) ।

### ४.३.३ सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Conditions)

बलेफी गाउँपालिकाको वडा नं. ६ मा विभिन्न जातजातिका मानिसहरुको बासोबास रहेकका छन् । यहाँ तामाङ, ब्राह्मण, क्षेत्री, कामी र दमाई रहेका छन् भने उनीहरुको आ-आफ्नै धर्म संस्कृति रहेको पाइन्छ । यस वडामा बौद्ध, हिन्दु र क्रिश्चियन धर्मको बाहुल्यता रहेको छ ।

### ४.३.४ आर्थिक अवस्था (Economic Condition)

बलेफी गाउँपालिका वडा नं. ६ मा कृषि लगायत मानिसहरु विभिन्न पेशा व्यवसायमा आवद्ध रहेका छन् । साथै केही मानिसहरु निजामति सेवा, शिक्षक सेवामा आवद्ध रहेका छन् भने केही मानिसहरु वैदेशिक रोजगारीका लागि अन्य मुलुकमा गएका छन् । यस वडामा सञ्चार तर्फ पनि उल्लेखनीय विकास भएको पाइन्छ । रेडियो, टि.भि., मोवाइल तथा इन्टरनेटको सुविधाहरु पनि रहेको छ, भने शैक्षिक व्यवस्थापन पनि राम्रै देखिन्छ । यस वडामा यातायातको सुविधा कच्ची बाटोको व्यवस्था रहेको छ भने वर्षयाममा यातायातको सुविधा रहदैन । यस वडाको बैङ्क तथा वित्तीय स्थिति हेर्दा कुनै पनि बैङ्कहरु नरहेको र केही कृषि सहकारी संस्थाहरु मात्रा रहेको छ (स्थलगत सर्वेक्षण २०७९) ।

### ४.३.५ स्वास्थ्यको अवस्था (Health Condition)

वागमती प्रदेशको पहाडी क्षेत्रमा अवस्थित सिन्धुपाल्चोक जिल्लाको यस वडा सुगम क्षेत्रको रुपमा परिचित रहेको छ सथै स्वास्थ्य, सरसफाई तथा समुदायको स्वास्थ्यकर बानी व्यवहार पनि अनुकूल देखिन्छ ।

## ४.४ नमुना छनौट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Condition of Sampled Family Size)

सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका अर्न्तगत वडा नं. ६ मा रहेको जम्मा ४५९ तामाङ समुदायको घरपरिवार मध्ये छनौटमा परेका २३० तामाङ घरपरिवारको जनसंख्या अवस्थाको अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

### ४.४.१ उमेरगत जनसंख्या (Agewise Population)

नमुना छनौटमा परेका २३० घरधुरीमा बासोबास गर्ने जम्मा जनसंख्या ९९३ जना हुन् । जम्मा महिला र पुरुषको ०–४ वर्ष, ५–१४ वर्ष, १५–६४ वर्ष र ६५ वर्ष माथिका उमेर समुहका आधारमा अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त संख्यालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१**

**नमुना छनौट क्षेत्रमा बासोबास गर्ने जनसंख्याको उमेरगत विवरण – २०७८**

| उमेर वर्षमा | जनसङ्ख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ०–४ | २३ | १८ | ४१ | ४.१३ |
| ५–१४ | १११ | १०२ | २१३ | २१.४५ |
| १५–६४ | ३२८ | ३२३ | ६५१ | ६५.५६ |
| ६५ भन्दा माथि | ४७ | ४१ | ८८ | ८.८६ |
| जम्मा | ५०९ | ४८४ | ९९३ | १०० |
| औषत पारिवारिक आकार = कुल जनसङ्ख्या÷कुल घरपरिवार संख्या = ९९३÷२३० =४.३१ | | | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

नमुना छनोट क्षेत्रको उमेरगत जनसङ्ख्या हेर्दा सबैभन्दा बढि १५–६४ उमेर समूहमा ६५१ अर्थात ६५.५६ प्रतिशत, त्यस्तै सबैभन्दा कम ०–४ उमेर समुहमा ४१ अर्थात ४.१३ प्रतिशत जनसङ्ख्या र ५–१४ उमेर समुहमा २१३ अर्थात २१.४५ प्रतिशत जनसङ्ख्या र ६५ वर्ष भन्दा माथिको जनसङ्ख्या ८८ अर्थात ८.८६ प्रतिशत रहेको पाइयो ।

### ४.४.२ पेशाको आधारमा जनसङ्ख्या (Population on the basis of Occupation)

यस अध्ययन क्षेत्रमा रहेका जनसङ्ख्यामध्ये नमूना छनोटमा परेका घरपरिवारमध्ये सबैभन्दा बढि कृषि पेशामा संलग्न रहेको पाइयो । यस अध्ययनमा नमूना छनोटमा परेका २३० घरपरिवारमा वालवालिकाहरु जन्मदेखि १४ वर्षसम्मका २५४ जना रहेका छन् । त्यस्तै ६५वर्ष भन्दा माथिको जनसङ्ख्या ८८ जना रहेका छन् । तिनीहरुलाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । जसलाई निम्नानुसार देखाईएको छ ।

**तालिका ४.२**

**पेशाको आधारमा जनसङ्ख्या विवरण २०७९**

| **क्र.सं.** | **पेशागत विवरण** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | कृषि | २८७ | ४४.०८७ |
| २. | नोकरी | ३४ | ५.२२ |
| ३. | व्यापार | २१ | ३.२२ |
| ४. | ज्याला मजदुरि | ७७ | ११.८२ |
| ५. | वैदेशिक रोजगारी | २३२ | ३५.६३ |
| | जम्मा | ६५१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रमा रहेका २३० घरपरिवारको जनसङ्ख्यालाई पेशागत आधारमा अध्ययन गर्दा कृषिमा २८७ अर्थात ४४.०८६ प्रतिशत जनसङ्ख्या, नोकरीमा ३४ अर्थात ५.२२ प्रतिशत जनसङ्ख्या त्यस्तै व्यापारमा २१ अर्थात ३.२२ प्रतिशत जनसङ्ख्या, ज्याला मजदुरि ७७ अर्थात ११.८२ प्रतिशत जनसङ्ख्या र वैदेशिक रोजगारीमा २३२ अर्थात ३५.६३ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाईयो ।

## ४.५ नमुना छनोट महिलाहरुको सामाजिक अवस्था (Social Condition of Sampled Women)

सामाजिक अवस्था अन्तर्गत परिवारको किसिम, छोराछोरीप्रतिको धारणा, घरायासी कामकाजमा पुरुषको सहयोग, दाइजो प्रथा सम्बन्धी धारणा, विवाह गर्दाको उमेर आदिको बारेमा विश्लेषण गरिएको छ ।

### ४.५.१ परिवारको किसिम (Family Structure)

अध्ययन क्षेत्रमा बसोबास गर्ने उत्तरदाता महिलाहरुको परिवारको किसिम कस्तो रहेको छ भन्ने बारेमा जानकारी लिनको लागि प्रश्नावली समावेश गरिएको थियो । जसबाट प्राप्त परिणामलाई तलको तालिकामाक प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**


**नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम –२०७९**

| क्र.सं. | परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | २२५ | ७५ |
| २ | संयुक्त | ७५ | २५ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार ७५ प्रतिशत महिलाहरु एकल परिवारमा बसोबास गरेको पाइयो भने २५ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बसेको पाइयो ।

## चित्र नं. ४.१
## नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम




*स्रोत : तालिका नं. ४.३*

### ४.५.२ छोराछोरीप्रतिको धारणा (Concept of the Children)

नमुना छनोटमा परेका महिलाहरुको छोराछोरी प्रतिको धारणा वा चाहना कस्तो छ भनी प्रश्नावली समावेश गरिएको थियो । यसको विवरण निम्नानुसार रहेको छ ।

**तालिका ४.४**

**छोराछोरीप्रतिको चहाना विवरण – २०७९**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरा | १३५ | ४५ |
| २. | छोरी | ६० | २० |
| ३. | दुवै | १०५ | ३५ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार छोरा नभई नहुने, वशं जोगाउन र र बुढेसकालको साहारा छोरा नै चाहिन्छ भन्ने धारणा ४५ प्रतिशत महिलाहरुले राखेको पाइयो र छोरीमात्र भएपनि हुन्छ । भन्ने धारणा २० प्रतिशत महिलाहरुले राखेको पाइयो । त्यस्तै ३५ प्रतिशत महिलाहरु छोराछोरी दुवैको चाहना राख्ने पाइयो ।

### ४.५.३ घरयासी कामकाजमा पुरुषको सहयोग (Male Helpness for House Works)

अधिकंश महिलाहरु घरायसी कामकाजमा नै व्यस्त रहन्छन् । घरको चुलोचौको गर्ने बिहान सबेरै र बेलुका ढिला सम्मा काम गर्ने महिला नै हुन्छन् । घरायसी कामकाजका साथै खेतिपाति र नोकरीमा समेत महिलाहरुको संलग्नता रहेको पाइयो । नमुना छनोटमा परेका महिलाहरुलाई घरायासी कामकाजमा पुरुषको सहयोग छन् कि छैनन् भन्ने कुरा निम्न तालिका द्वारा प्रष्ट रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**घरायसी काममा पुरुषको सहयोगको विवरण – २०७९**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पाउँछु | १५६ | ५२ |
| २. | पाउँदिन | ३७ | १२.३३ |
| ३. | अलिअलि मात्र पाउँछु | १०७ | ३५.६७ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

उपयुक्त तालिका अनुसार ५२ प्रतिशत महिलाहरुलाई घरायसी कामकाजमा पुरुषले सहयोग गरेको पाइयो भने १२.३३ प्रतिशत महिलाहरुलाई पुरुषले कुनै पनि कममा सहयोग गरेको पाइएन । त्यसैगरि ३५.६७ प्रतिशत महिलाहरुलाई घरायसी काममा अलिअलि मात्र सहयोग गरिएको पाइयो ।

### ४.५.४ दाइजो प्रथा सम्बन्धी धारणा (Concept of Dowry System)

नेपाली समाजमा दाक्ष्जो प्रथा एक कुरितिको रुपमा रहेको छ । दाइजोको नाममा विभिन्न घटनाहरु घटेको दिनप्रतिदिन सुन्नमा आइरहेको छ । त्यसकारण अध्ययनमा परेका महिलाहरुका लागि दाइजो प्रथा कस्तो लाग्छ ठिक कि बेठिक जस्ता प्रश्नाहरु प्रश्नावलीमा समावेश गरिएको थियो जसबाट निम्न उत्तरहरु पाइयो ।

**तालिका ४.६**

**महिलाहरुको दाइजो प्रथा सम्बन्धी धारणा – २०७९**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ठिक | ४२ | १४ |
| २. | बेठिक | २५८ | ८६ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार १४ प्रतिशत महिलाहरुले अझै पनि दाइजो प्रथालाई मान्यता दिएको पाइयो भने ८६ प्रतिशत महिलाहरु दाइजो प्रथाको विरोधी रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अझै पनि महिलाहरुमा चेतनाको कमि र यसको लागि सम्पूर्ण महिलाहरुमा शिक्षा र चेतनाको आवश्यकता रहेको पाइयो ।

### ४.५.५ विवाह गर्ने उमेर सम्बन्धि धारणा (Age of Marriage)

परम्परागत धारणा अनुसार छोरीको विवाह सानै उमेरमा गरेमा पुण्य मिल्ने हिन्दु धर्म अनुसार भए तापनि तामाङ समुदायमा भने हिन्दु समुदायको प्रभावले केही मानिसहरुले भने सनै उमेरमा छोरीको विवाह गरिदिएको पाइथ्यो भने हाल यसको प्रभाव नपरेको देखियो । नमुना छनोटमा परेका महिलाहरुको विवाह कुन उमेरमा गर्दा ठीक हुन्छ भन्ने धारणाको अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणा – २०७९**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १०–१५ | ० | ० |
| २. | १६–२० | १३९ | ४६.३३ |
| ३. | २१ भन्दा माथि | १६१ | ५३.६७ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणाको अध्ययन गर्दा १०–१५ को उमेर विवाहको उमेर हो भन्ने ० प्रतिशत, १६–२० को उमेर विवाहको उमेर हो भन्ने ४६.३३ प्रतिशत र २१ वर्ष भन्दा माथि विवाहको उमेर हो भन्ने ५३.६७ प्रतिशत महिलाहरु रहेको पाइयो ।

## ४.६ नमुना छनोटमा परेका महिलाहरुको आर्थिक अवस्था (Economic Condition of Sampled Women)

महिला विकासको निम्ति विभिन्न पक्षहरुको आवश्यकता पर्दछ । तिनीहरुमध्ये आर्थिक अवस्थासँग सम्बन्धित तत्वहरु पेशा, आम्दानी, खर्च, बचत हुन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.६.१ महिलाहरुको व्यक्तिगत आर्थिक अवस्था (Personal Economic Condition of Women)

नमुना छनोटमा परेका महिलाहरुले के-कस्ता पेशा अपनाएका छन् कति आय प्राप्त गर्छन् कस्ता कस्ता क्षेत्रमा खर्च गर्दछन् कति बचत गर्दछन् भन्ने कुरालाई समावेश गरी महिलाको व्यक्तिगत आर्थिक अवस्था अध्ययन गरिएको छ ।

#### ४.६.१.१ महिलाहरुको पेशागत अवस्था (Professional Condition of Sampled Women)

आफ्नो जीविकोपार्जनका लागि मानिसहरु कुनै न कुनै पेशामा आवद्ध रहेका हुन्छन् जसका लागि कृषि, व्यापार, उद्योग, नोकरी आदि रोजगारीका स्रोतहरु हुन् । नमुना छनोटमा परेका महिलाहरुले अपनाउने गरेका पेशागत विवरणलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

## तालिका ४.८


## नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण – २०७९

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १६८ | ५६ |
| २. | व्यापार | १५ | ५ |
| ३. | नोकरी | १४ | ४.६७ |
| ४. | ज्यालामजदुरी | ६७ | २२.३३ |
| ५. | वैदेशिक रोजगार | ३६ | १२ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

उपयुक्त तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरु मध्ये ५६ प्रतिशत महिलाहरु कृषि पेशामा संलग्न रहेको पाइयो । त्यसैगरी व्यापारमा ५ प्रतिशत, नोकरीमा ४.६७ प्रतिशत, ज्यालामजदुरीमा २२.३३ प्रतिशत र वैदेशिक रोजगारीमा १२ प्रतिशत महिहलाहरु संलग्न रहेको पाइयो ।

चित्र नं. ४.२
नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण




*स्रोत : तालिका नं. ८.४*

### ४.६.१.२ महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी (Sectoral Income of Sampled Women)

नमुना छनोटमा परेका महिलाहरुको के-कस्ता पेशा वा स्रोतबाट आम्दानी प्राप्त गर्दछन् त्यसको अध्ययन गरिएको थियो । अध्ययनबाट प्राप्त छनोटमा परेका महिलाहरुको स्रोतगत आम्दानीको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४.९**

**महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी विवरण – २०७९**

| क.सं. | स्रोत | आम्दानी (रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १०९२०००० | ३०.५१ |
| २. | व्यापार | ३७०६००० | १०.३६ |
| ३. | नोकरी | ४४५२००० | १२.४४ |
| ४. | ज्यालामजदुरी | ५९०९४०० | १६.५१ |
| ५. | वैदेशिक रोजगारी | १०८००००० | ३०.१८ |
| जम्मा | | ३५७८७४०० | १०० |
| वार्षिक औसत आम्दानी ११९.२९१.३३ | | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथि उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत स्रोतगत आम्दानीको विवरण हेर्दा कृषिबाट रु. १०९२०००० अर्थात ३०.५१ प्रतिशत, व्यापारबाट रु. ३७०६००० अर्थात १०.३६ प्रतिशत, नोकरीबाट रु. ४४५२००० अर्थात १२.४४ प्रतिशत, ज्यालामजदुरीबाट रु. ५९०९४०० अर्थात १६.५१ र वैदेशिक रोजगारीबाट रु. १०८००००० अर्थात ३०.१८ प्रतिशत गरी जम्मा रु. ३५७८७४०० आम्दानी रहेको पाइयो ।

### ४.६.१.३ महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी (Levelwise Income of Sampled Women)

नमुना छनोटमा परेका महिलाहरुको आर्थिक अवस्थाको अध्ययनको क्रममा उनीहरुको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त आम्दानीको नतिजालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**


**नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी – २०७९**

| **क.सं.** | **तहगत आम्दानी (रु. हजारमा)** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | ०-५० | ३९ | १३ |
| २. | ५०-१०० | ९९ | ३३ |
| ३. | १००-१५० | १०४ | ३४.६७ |
| ४. | १५०-२०० | २३ | ७.६७ |
| ५. | २०० भन्दा माथि | ३५ | ११.६६ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका ३०० जना महिलाहरुको व्यक्तिगत तहगत आम्दानीलाई हेर्दा ५० हजार सम्म आम्दानी प्राप्त गर्ने महिलाहरु ३९ जना अर्थात १३ प्रतिशत, त्यसैगरी ५० हजार देखि १ लाख सम्म ९९ जना अर्थात ३३ प्रतिशत रहेको पाइयो । भने १ लाख देखि १ लाख ५० हजार सम्म आम्दानी गर्ने १०४ जना अर्थात ३४.६७ प्रतिशत, १ लाख ५० हजार देखि २ लाख सम्म आम्दानी गर्ने २३ जना अर्थात ७.६७ प्रतिशत र २ लाख भन्दा माथि आम्दानी गर्ने ३५ जना अर्थात ११.६६ प्रतिशत रहेको पाइयो ।

**चित्र नं. ४.३**
**नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी**




*स्रोत : तालिका नं. ४.१०*

### ४.६.१.४ महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च (Sectoral Expenditure of Sampled Women)

नमुना छनोटमा परेका महिलाहरुले प्राप्त गरेको आफ्नो व्यक्तिगत आम्दानीबाट के-कस्ता क्षेत्रमा के-कति खर्च गर्दा रहेछन् भनी अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च – २०७९**

| क्र.सं. | खर्च विवरण | खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | ७६६९८०० | २९.८२ |
| २. | शिक्षा | ५७४३२०० | २२.३३ |
| ३. | स्वास्थ्य | १३६५००० | ५.३१ |
| ४. | चाडपर्व | ४६५६९०० | १८.१० |
| ५. | अन्य | ६२८५०२० | २४.४४ |
| जम्मा | | २५७१९९२० | १०० |
| वार्षिक औसत खर्च ८५७३३.०६ | | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत खर्चको विवरण हेर्दा सबैभन्दा बढी उपभोगमा रु. ७६६९८०० अर्थात २९.८२ प्रतिशत रहेको पाइयो भने शिक्षामा रु. ५७४३२०० अर्थात २२.३३ प्रतिशत, स्वास्थ्यमा रु. १३६५००० अर्थात ५.३१ प्रतिशत, चाडपर्वमा रु. ४६५६९०० अर्थात १८.१० प्रतिशत र अन्य खर्च रु. ६२८५०२० अर्थात २०.९६ प्रतिशत रहेको पाइयो । जम्मा कुल क्षेत्रगत वार्षिक खर्च रु. २५७१९९२० रहेको पाइयो ।

### ४.६.१.५ महिलाहरुको व्यक्तिगत तहगत वार्षिक खर्चको अवस्था (Levelwise Expenditure of Sampled Women)

आर्थिक अवस्था पत्ता लगाउनका लागि आम्दानी र खर्चको अध्ययन गर्नु पर्दछ जसले व्यक्तिको आर्थिकस्तर निर्धारण गर्दछ । नमुना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुको खर्चको विवरणको पनि अध्ययन गरिएको थियो जसबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**नमुना छनोटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण – २०७९**

| क्र.सं. | तहगत खर्च (रु. हजारमा) | महिला सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-५० | ८१ | २७ |
| २. | ५०-१०० | १२३ | ४१ |
| ३. | १००-१५० | ७९ | २६.३३ |
| ४. | १५० देखि माथि | १७ | ५.६७ |
| जम्मा | | ३०० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुले गर्ने खर्चलाई तहगत रुपमा हेर्दा ५० हजार सम्म खर्च गर्ने महिलाहरुको सङ्ख्या ८१ अर्थात २७ प्रतिशत, ५० देखि १ लाख सम्म खर्च गर्ने १२३ अर्थात ४१ प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म खर्च

गर्ने ७९ अर्थात २६.३३ प्रतिशत र १ लाख ५० हजार भन्दा माथि खर्च गर्ने महिलाहरुको सङ्ख्या १७ अर्थात ५.६७ प्रतिशत रहेको पाइयो ।

**चित्र नं. ४.४**

**महिलाहरुको तहगत खर्च विवरण २०७९**




*स्रोत : तालिका नं. ४.१२*

### ४.६.१.६ महिलाहरुको व्यक्तिगत बचत (Personal Saving of Women)

नमुना छनोटमा परेका महिलाहरुको बचतको अवस्थाबारे अध्ययन गर्दा निम्न विवरण पाइयो जसलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.१३**

**महिलाहरुको व्यक्तिगत बचत – २०७९**

| विवरण | वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक बचत |
|---|---|---|---|
| कुल | ३५७८७४०० | २५७१९९२० | १००६७४८० |
| औसत | ११९२९१.३३ | ८५७३३.०६ | ३३५५८.२६ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

यस अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका महिलाहरुको बचतको अवस्था अध्ययन गर्दा महिलाहरुको व्यक्तिगत औसत वार्षिक आम्दानी रु. ११९२९१.३३ रहेको पाइयो भने औसत वार्षिक खर्च ८५७३३.०६ पाइयो । आम्दानी र खर्चको अध्ययन पश्चात उनीहरुको औसत वार्षिक बचत ३३५५८.२६ रहेको पाइयो ।

### ४.६.२ नमुना छनोटमा परेका महिलाहरुको घरायसी आर्थिक अवस्था (Household Economic Condition of Sampled Women)

नमुना छनोटमा परेका धेरै जस्तो महिलाहरुको घरपरिवारको मुख्य पेशा नै कृषि रहेको पाइयो । त्यसपश्चात अन्य पेशा व्यापार व्यवसाय, नोकरी, ज्यालामजदुरी र वैदेशिक रोजगार जस्ता स्रोतहरुबाट आम्दानी गरेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.६.२.१ पारिवारिक स्रोतगत आम्दानी (Sectoral Family Income)

महिलाहरुको आर्थिक उन्नति गराउन उनीहरुको पारिवारिक आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा नमुना छनोटमा परेका २३० घरपरिवार भित्र रहेका महिलाहरुको पारिवारिक स्रोतगत आम्दानीको अध्ययन गरिएको थियो । जुन निम्नानुसार रहेको छ ।

**तालिका ४.१४**

**पारिवारिक स्रोतगत आम्दानी २०७९**

| क्र.सं. | स्रोत | आम्दानी (रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ५०८२०००० | ३७.७७ |
| २. | व्यापार | १९९५१७०० | १४.८३ |
| ३. | नोकरी | ११६९२८०० | ८.६९ |
| ४. | ज्यालामजदुरी | १९६५६००० | १४.६१ |
| ५. | वैदेशिक रोजगारी | ३२४००००० | २४.१ |
| | जम्मा | १३४५२०५०० | १०० |
| | औसत पारिवारिक आम्दानी | १३५४६८.७८ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका घरपरिवारको आम्दानीका स्रोतहरु अन्तर्गत कृषिबाट ३७.७७ प्रतिशत, व्यापारबाट १४.८३ प्रतिशत, नोकरीबाट ८.६९ प्रतिशत, ज्यालामजदुरीबाट १४.६१ प्रतिशत र वैदेशिक रोजगारीबाट २४.१ प्रतिशत आम्दानी प्राप्त गरेको पाइयो ।

### ४.६.२.२ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

नमुना छनोटमा परेका महिलाहरुको २३० घरपरिवारको पारिवारिक आर्थिक अवस्था अध्ययन गर्दा उनीहरुको तहगत आम्दानीको पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक आम्दानी विवरण – २०७९**

| **क.सं.** | **तहगत आम्दानी (रु. हजारमा)** | **घरपरिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | २००–४०० | ५६ | २४.३५ |
| २. | ४००–६०० | ६३ | २७.३९ |
| ३. | ६००–८०० | ४४ | १९.१३ |
| ४. | ८०० भन्दा माथि | ६७ | २९.१३ |
| | जम्मा | २३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिका तालिका अनुसार नमुना छनोटमा परेका २३० घरपरिवारले के-कति तहगत रुपममा आम्दानी गर्दाछन् भन्ने देखाइएको छ । जस अनुसार रु. २००–४०० हजार सम्म आम्दानी गर्ने घरपरिवार ५६ अर्थात २४.३५ प्रतिशत, ४००–६०० हजार सम्म आम्दानी गर्ने घरपरिवार ६३ अर्थात २७.३९ प्रतिशत, ६००–८०० हजार सम्म आम्दानी गर्ने घरपरिवार ४४ अर्थात १९.१३ प्रतिशत र ८०० हजार भन्दा माथि आम्दानी गर्ने घरपरिवार ६७ अर्थात २९.१३ प्रतिशत रहेको पाइयो ।

### ४.६.२.३ क्षेत्रगत वार्षिक पारिवारिक खर्च (Sectoral Familywise Expenditure)

नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्चको अवस्थाको वारेमा प्रश्न सोधि अध्ययन गरिएको थियो । उत्तरदाता महिलाहरुले दिइएको उत्तरका आधारमा उनीहरुको पारिवारिक वार्षिक खर्चलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च – २०७९**

| क.सं. | खर्चको स्रोत | वार्षिक खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | ४२८४९००० | ४१.८० |
| २. | शिक्षा | १४९५०००० | १४.५८ |
| ३. | स्वास्थ्य | ११३७१२०० | ११.०९३ |
| ४. | चाडपर्व | १९५५०००० | १९.०७३ |
| ५. | अन्य | १३७७९८०० | १३.४४ |
| | जम्मा | १०२५००००० | १०० |
| | पारिवारिक औसत वार्षिक खर्च | १०३२२२.५५ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत पारिवारिक खर्चको विवरणलाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत कूल खर्चको उपभोगमा ४१.८० प्रतिशत, शिक्षामा १४.५८ प्रतिशत, स्वास्थ्यमा ११.०९३ प्रतिशत, चाडपर्वमा १९.०७३ प्रतिशत र अन्य खर्च १३.४४ प्रतिशत भएको पाइयो ।

### ४.६.२.४ तहगत पारिवारिक वार्षिक खर्च विवरण (Levelwise Family Expenditure)

नमुना छनोट महिलाहरुको पारिवारिक आर्थिक अवस्था अध्ययन गर्ने क्रममा उनीहरुको पारिवारिक तहगत खर्चको पनि अध्ययन गरिएको थियो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**नमुना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च विवरण – २०७९**

| क.सं. | तहगत खर्च (रु. हजारमा) | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २००–४०० | ८९ | ३८.७० |
| २. | ४००–६०० | ७८ | ३३.९१ |
| ३. | ६००–८०० | ४७ | २०.४३ |
| ४. | ८०० भन्दा माथि | १६ | ६.९६ |
| | जम्मा | २३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक तहगत खर्च रु. २००–४०० हजार सम्म खर्च गर्ने परिवार सङ्ख्या ८९ अर्थात ३८.७० प्रतिशत, रु. ४००–६०० हजार सम्म खर्च गर्ने परिवार सङ्ख्या ७८ अर्थात ३३.९१ प्रतिशत, रु. ६००–८०० हजार सम्म खर्च गर्ने परिवार सङ्ख्या ४७ अर्थात २०.४३ प्रतिशत र रु. ८०० हजार भन्दा माथि खर्च गर्ने परिवार सङ्ख्या १६ अर्थत ६.९६ प्रतिशत रहेको पाइयो ।

### ४.६.२.५ घरपरिवारको बचत (Family Savings)

नमुना छनोटमा परेका महिलाहरुको घरपरिवारको आर्थिक आम्दानी र खर्चको अध्ययन गरिएको थियो । जसबाट उनीहरुको बचतको अवस्था पत्त लगाउन सकिन्छ । जुन निम्नानुसार रहेको देखिन्छ ।

**तलिका ४.१८**

**घरपरिवारको बचतको विवरण – २०७९**

| विवरण | वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक बचत |
|---|---|---|---|
| कुल | १३४५२०५०० | १०२५००००० | ३२०२०५०० |
| औसत | १३५४६८.७८ | १०३२२२.५५ | ३२२४६.२३ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार घरपरिवारको बचतको स्थिति अध्ययन गर्दा महिलाहरुको घरपारिवारको वार्षिक आम्दानी रु. १३४५२०५०० अर्थात औसत रु. १३५४६८.७८ रहेको पाइयो भने वार्षिक खर्च रु. १०२५००००० अर्थात रु. १०३२२२.५५ रहेको पाइयो । त्यसैगरी बचत रु ३२०२०५०० अर्थात रु. ३२२४६.२३ गरेको पाइयो ।

## ४.७ शैक्षिक अवस्था (Educational Condition)

### ४.७.१ पारिवारिक शैक्षिक अवस्था (Educational Condition of Family)

नमुना छनोटमा परेका २३० घरपरिवारमा बसोबास गर्ने जम्मा जनसङ्ख्या ९९३ जना मध्ये ४१ जना ०–४ वर्षका बालबालिकाहरु रहेका छन् । जसलाई विद्यालय उमेर मानिदैन र यस बहेक अन्य बाँकी ९५२ जनसङ्ख्याको शैक्षिक अवस्था पत्त लगाउन यस अध्ययनमा उनीहरुलाई समावेश गरिएको थियो । यसै अध्ययनबाट प्राप्त शैक्षिक अवस्थाको परिणामलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**पारिवारिक शैक्षिक अवस्थाको विवरण – २०७९**

| तहगत शिक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| आधारभूत तह | २४६ | २२७ | ४७३ | ४९.६८ |
| माध्यामिक तह | १५९ | १६७ | ३२६ | ३४.२४ |
| उच्च शिक्षा | ३१ | ४८ | ७९ | ८.३० |
| साक्षर | ४५ | २२ | ६७ | ७.०४ |
| निरक्षर | ५ | २ | ७ | ०.७४ |
| जम्मा | ४८६ | ४६६ | ९५२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिका तालिका अनुसार नमुना छनोटमा परेका २३० घरपरिवारमा आधारभूत तह सम्म अध्ययन गर्ने २४६ महिला र २२७ पुरुष गरी जम्मा ४७३ अर्थात ४९.६८ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी माध्यामिक तह सम्म अध्ययन गर्ने महिला १५९ र पुरुष १६७ गरी

जम्मा ३२६ अर्थात ३४.२४ प्रतिशत र उच्च शिक्षामा अध्ययन गर्ने महिला ३१ र पुरुष ४८ गरी जम्मा ७९ अर्थात ८.३० प्रतिशत रहेको पाइयो । भने साक्षर महिला ४५ र पुरुष २२ गरी जम्मा ६७ अर्थात ७.०४ प्रतिशत र निरक्षर महिला ५ र पुरुष २ गरी जम्मा ७ अर्थात ०.७४ प्रतिशत रहेको पाइयो ।

### ४.७.२ नमुना छनोट महिलाको शैक्षिक अवस्था (Educational Condition of Sampled Women)

एउटा महिला शिक्षित हुनु भनेको सम्पूर्ण परिवार शिक्षित हुनु हो त्यसैले समुदाय, समाज र सिङ्गो राष्ट्र शिक्षित बनाउनका लागि महिला शिक्षा महत्वपूर्ण हुन्छ । त्यसैले अध्ययनको क्रममा नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्थाको जानकारी प्राप्त गर्ने पक्ष अध्ययनमा समावेश गरिएको थियो । यस अध्ययनबाट प्राप्त महिलाहरुको शैक्षिक अवस्थाको परिणमलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्था – २०७९**

| क.सं. | उमेर समुह | साक्षर | आधारभूत | माध्यामिक | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १५–३० | | १७ | ११६ | १८ | १५१ |
| २. | ३०–४५ | ३ | ५८ | १९ | – | ८० |
| ३. | ४५–६४ | ३४ | ३७ | – | – | ७१ |
| | जम्मा | ३७ | ११२ | १३५ | १८ | ३०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्थालाई अध्ययन गर्दा १५–३० उमेर समुहका १७ जना महिलाले आधारभूत तह ११६ जनाले माध्यामिक तह र १८ जनाले उच्च शिक्षा अध्ययन गरेको पाइयो । त्यस्तैगरी ३०–४५ उमेर समुहमा ३ जना साक्षर, ५८ जना आधारभूत तह र १९ जनाले माध्यामिक तह सम्माको

अध्ययन गरिएको पाइयो र ४५–६४ उमेर समुहमा ३४ जना महिला साक्षर र ३७ जना महिलाहरुले आधारभूत तह सम्माको अध्ययन गरिएको पाइयो ।

### ४.७.३ बालबालिकाहरुको शैक्षिक अवस्था (Educational Condition of Child)

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने २३० घर परिवारका बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको थियो । यस अध्ययन क्षेत्रका सबै बालबालिकाहरु विद्यालयमा गएको पाइयो र यस अध्ययनमा ५ देखि १४ वर्ष उमेर समुहका बालबालिकाहरुलाई समावेश गरिएको थियो । यस उमेर समुहको जनसङ्ख्या २१३ रहेको छ भने विद्यालय जाने छात्रा १११ जना र छात्र १०२ जना रहेको पाइयो ।

## ४.८ शैक्षिक प्रभाव (Educational Affect)

वर्तमान समयमा शिक्षा मानव जीवनको आधारभूत आवश्यकता बनिसकेको छ । शिक्षाले मानिसलाई दक्ष, सक्षम र बौद्धिकवान बनाउँदछ । शिक्षा जीवनको आधारशीला हो । शिक्षाले समाजका मानिसहरुलाई चेतनशील, धर्यवान वा लगनशील नागरिक बनाउँदछ । त्यसैले समाजमा शिक्षा सबैलाई उपलब्ध हुन जरुरी छ । समाजमा रहेका रुढीबादी परम्परा, महिला हिंसा जस्ता कुरीति हटाउन र महिलाहरुलाई चेतनशील, योग्य र दक्ष बनाई जनशक्ति उत्पादनमा पनि शिक्षाको उत्तिकै भूमिका रहन्छ । वर्तमान समयमा शिक्षा बालबालिकाको सर्वङ्गिण विकासको अपरिहार्य तत्व बनेको छ । शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । कुनै पनि व्यक्ति, परिवार, समाज र राष्ट्र चेतनशील, सजग र सभ्य छ भन्ने कुरा उसले पाएको शिक्षाले व्यक्त गर्दछ । त्यसैले यस अध्ययन क्षेत्रको शैक्षिक प्रभावको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका घरपरिवारको बालबालिकाहरु अध्ययन गर्ने विद्यालय सरकारी हो कि नीजि भनि अध्ययन गरिएको थियो । जसबाट प्राप्त परिणामलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएकको छ ।

## तालिका ४.२१


## विद्यालय संरचनाका आधारमा बालबालिकाहरुको सहभागिता – २०७९

| क.सं. | तहगत पारिवारिक आम्दानी (रु. हजारमा) | घरपरिवार संख्या | विद्यालयको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | | नीजि | | जम्मा | |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | सङ्ख्या | प्रतिशत |
| १. | २००–४०० | ५६ | २५ | २८ | | | ५३ | २४.८८ |
| २. | ४००–६०० | ६३ | २४ | २९ | ३ | २ | ५८ | २७.२३ |
| ३. | ६००–८०० | ४४ | १६ | १७ | ७ | ५ | ४५ | २१.१३ |
| ४. | ८०० हजार भन्दा माथि | ६७ | २० | २१ | ७ | ९ | ५७ | २६.७६ |
| | जम्मा | २३० | ८५ | ९५ | १७ | १६ | २१३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार २००–४०० हजार सम्मा तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ५६ घरपरिवारबाट २४.८८ प्रतिशत बालबालिकाहरुको सरकारी विद्यालयमा सहभागिता पाइयो । भने ४००–६०० हजार सम्मा तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ६३ घरपरिवारबाट २७.२३ प्रतिशत, ६००–८०० हजार सम्मा तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ४४ घरपरिवारबाट २१.१३ प्रतिशत र ८०० हजार भन्दा माथि तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ६७ घरपरिवारबाट २६.७६ प्रतिशत बालबालिकाहरुको सरकारी र नीजि दुवै विद्यालयमा सहभागिता पाइयो ।

**चित्र नं. ४.५**
**विद्यालय संरचनका आधारमा बालबालिकाहरुको सहभागिता**




*स्रोत : तालिका नं. ४.२१*

## ४.९ नमुना छनोटमा परेका महिलाहरुको साधन र स्रोतमा पहुँच (Access to Materials and Sources for Sampled Women)

राज्यका उत्पादनशील स्रोत र साधनमा महिलावर्गको आर्थिक रुपमा पहुँच न्यून रहेको पाइन्छ । महिला हक, अधिकार र सशक्तिकरणका विभिन्न नीतिनियमहरु निर्माण गरिएता पनि ति नीतिनियमहरु नीतिमा मात्र सिमित रहेको पाइन्छ । जसबाट प्रवोधिकरणको समस्याका साथै ग्रामीण महिलाहरुलाई बजारमूखि र उदारिकरण अर्थव्यवस्थामा समेट्न सकिरहेको छैन । नमुना छनोटमा परेका महिलाहरुको घरजग्गा र व्यापारमा रहेको स्वामित्वलाई अध्ययन गरिएको थियो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**महिलाहरुको साधन र स्रोतमा पहुँचको विवरण – २०७९**

| क.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | घरजग्गामा महिलाको स्वामित्व | ६० | २४० |
| २ | व्यापारमा महिलाको स्वामित्व | ९० | २१० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

## ४.१० नमुना छनोट महिलाको पारिवारिक निर्णय प्रक्रियामा संलग्नताको अवस्था (Condition of Sampling Women on Family Decision Process)

नेपाली समाजमा महिलाहरुलाई घरयासी कार्य बाहेक घरयासी निर्णय, सामाजिक सभासम्मेलन र आर्थिक कारोबारमा न्यून सहभागिता गराइएको पाइन्छ । भने घर भित्र र बाहिराको मुख्य कार्यमा समेत महिलाहरुको पहुँच न्यून रहेको पाइन्छ । यसै कार्यहरुलाई मध्यनजर गर्दै पारिवारिक निर्णय प्रक्रिया जस्तै पारिवारिक निर्णयमा महिलाको भूमिका, पारिवारिक कार्यमा लिइने निर्णय, गर्भपतन सम्बन्धि निर्णय र परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय जस्ता पक्षहरुको विश्लेषण गरिएको थियो ।

### ४.१०.१ पारिवारिक निर्णयमा महिलाको भूमिका (Women's Role in Family Decision Making)

विश्वब्रम्ह्मण्डमा महिलालाई जननीको रुपमा लिइएको पाइन्छ तापनि विभिन्न प्रमुख कार्यहरुमा महिलाहरुको पहुँच न्यून रहेको पाइन्छ । अध्ययनको क्षेत्रमा बसोबास गर्ने उत्तरदाता महिलाहरुको पारिवारिक निर्णयमा महिलाहरुको भूमिका कस्तो रहेको छ भन्ने बारेमा जानकारी लिनको लागि प्रश्नावली समावेश गरिएको थियो जसवाट प्रप्त परिणामलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२३**


**पारिवारिक निर्णयमा महिलाको भूमिका – २०७९**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रहन्छ | ४६ | १५.३३ |
| २. | रहदैन | १६५ | ५५ |
| ३ | अलिअलि रहन्छ | ८९ | २९.६७ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार १५.३३ प्रतिशत महिलाहरुको परिवारिक निर्णयमा भूमिका रहेको पाइयो भने ५५ प्रतिशत महिलाहरुको परिवारिक निर्णयमा भूमिका रहेको पाइएन । त्यस्तै २९.६७ प्रतिशत महिलाहरुको पारिवारिक निर्णयमा अलिअलि मात्र भूमिका रहेको पाइयो ।

**चित्र नं. ४.६**
**पारिवारिक निर्णयमा महिलाको भूमिका**




*स्रोत : तालिका नं. ४.२३*

### ४.१०.२ पारिवारिक कार्यमा लिइने निर्णय (Decision Making in Family Activities)

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक निर्णयमा भूमिका कस्तो रहन्छ भनेर अध्ययन गरिएको थियो । जसमा घरजग्गा किनबेच, ऋण लेनदेन, छोराछोरीको शिक्षा र छोराछोरीको बिवाहको बारेमा गरिएको प्रश्नहरुको उत्तर सङ्कलन गरिएको थियो जसबाट प्राप्त परिणामलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**पारिवारिक कार्यमा लिइने निर्णय प्रक्रियाको विवरण – २०७९**

| क.सं. | विवरण | निर्णय गर्ने | प्रतिशत | निर्णय नगर्ने | प्रतिशत | सल्लाहबाट निर्णय गर्ने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | घरजग्गा किनबेच | ४६ | १५.३ | ३५ | ११.६७ | २१९ | ७३ | ३०० |
| २. | ऋण लेनदेन | ५१ | १७ | ३९ | १३ | २१० | ७० | ३०० |
| ३. | छोराछोरीको शिक्षा | १२३ | ४१ | १५ | ५ | १६२ | ५४ | ३०० |
| ४. | छोराछोरीको बिवाह | ६१ | २०.३३ | २५ | ८.३३ | २१४ | ७१.३४ | ३०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिका अनुसार परिवारिक कार्यमा लिइने निर्णय प्रकृयाको अभ्ययन गर्दा सबै भन्दा बढी सल्लाहबाट निर्णय गर्ने महिलाहरु रहेको पाइयो भने निर्णय गर्ने महिलाहरु अलि बढी र निर्णय नगर्ने महिलाहरु अलि कम रहेको पाइयो ।

### ४.१०.३ गर्भपतन सम्बन्धि महिलाको निर्णय (Women's Decisions Regarding Abortion)

गर्भपतन एक अपराध हो तर हाल गर्भपतनलाई सरकारले पनि कानुनी मान्यता दिइएको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रमा छनोटमा परेका महिलाहरुलाई गर्भपतन सम्बन्धी निर्णयको बारेमा प्रश्नहरु राखिएको थियो । जसबाट प्रप्त उत्तरहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**गर्भपतन सम्बन्धी महिलाहरुको निर्णय – २०७९**

| **क.सं.** | **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | महिला आफैले निर्णय गर्ने | ३६ | १२ |
| २. | महिलाले निर्णय नगर्ने | १७ | ५.६७ |
| ३. | दुबैको सल्लाहबाट निर्णय गर्ने | २४७ | ८२.३३ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

माथिको तालिकाको अनुसार गर्भपतन सम्बन्धि महिलाहरु आफैले निर्णय गर्ने १२ प्रतिशत, महिलाले नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ८२.३३ प्रतिशत रहेको पाइयो ।

### ४.१०.४ परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय (Women's Decision on the Uses of Temporary Means of Family Planning)

परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय सहभागिता कस्तो रहेको छ भनि अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**नमुना छनोट क्षेत्रमा महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णय – २०७९**

| **क.सं.** | **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | महिला आफैले निर्णय गर्ने | ६५ | २१.६७ |
| २. | महिलाले निर्णय नगर्ने | १७ | ५.६७ |
| ३. | दुबैको सल्लाहबाट निर्णय गर्ने | २१८ | ७२.६६ |
| जम्मा | | ३०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

नमुना छनोट क्षेत्रमा महिलाहरुको परिवार नियोजनको अस्थाई साधन सम्बन्धि प्रयोगमा महिला आफैले निर्णय गर्ने २१.६७ प्रतिशत, निर्णय नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ७२.६६ प्रतिशत रहेको पाइयो ।

### ४.१०.५ बिरामी हुदाँ जाने ठाउँ (Distination of Sickness)

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुलाई बिरामी हुदाँ जाने ठाउँको बारेमा प्रश्नहरु गर्दा वर्तमान समयमा सबै जना अस्पताल वा स्वास्थ्य चौकी नै जाने गरेको बताइएको पाइयो । भने केहीले भने सानोतिनो दुखाइको लागि धामी झाक्री सँगै अस्पतालमा पनि जाने गरेको पाइयो ।

### ४.१०.६ मासिक स्राव (Menstruation)

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुलाई मासिक स्रावको बारेमा प्रस्नहरु गर्दा परापूर्वकाल देखिनै यस समुदायले मासिक स्रावमा गर्न हुने र गर्न नहुने कार्य नछुट्याइएको यसलाई प्राकृतिक नियम मानिएको पाइन्छ ।

## ४.११ महिला विकास सम्बन्धी धारणा (Concept about Women Development)

नमुना छनोटमा परेका महिलाहरुको विभिन्न विषयमा महिलाहरुको धारणा थाहा पाउनका लागि अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रमा छनोटमा परेका महिलाहरु सँग प्रश्नावली, प्रत्यक्ष अवलोकन र अर्न्तवार्ताको माध्यमबाट महिलाहरुको विकासको सम्बन्धमा लिइएको विचारलाई निम्नानुसार व्याख्या गरिएको छ ।

### ४.११.१ आर्थिक पक्षको ज्ञान (Knowledge about Economics States)

नमुना छनोटमा परेका उत्तरदाता महिलाहरुको आर्थिक सक्षमताको सम्बन्धमा अध्ययन गर्दा राज्यका उत्पादनशील स्रोत र साधनमा महिला वर्गको पहुँच तुलनात्मक रुपमा कम रहेको पाइयो । महिला विकासको वा सशक्तिकरणको बारेमा अध्ययन गर्दा महिला सशक्तिकरणको सम्बन्धमा विभिन्न नीति, नियम, ऐन र कानुनहरु बनेका छन् जुन नीतिमा मात्र सीमित रहेको ति लक्षित महिला वर्ग समक्ष आइपुग्दा नामले मात्र आइपुगेको कामले नआइपुगेको अध्ययन क्षेत्रका महिलाहरुले बताए । लैङ्गिक रुपमा पनि असमानता

विद्यमान रहेको जसमा पारिश्रमिक र सहभागितामा असमानता रहेको पाइन्छ । र महिलावर्गको घरयासी तथा उत्पादनशील कार्यको लेखाजोखा हुन नसक्नुको कारणले महिलावर्ग आर्थिक रुपमा असक्षम भएको अध्ययन क्षेत्रका महिलाहरुले बताए ।

### ४.११.२ शैक्षिक पक्षको ज्ञान (Knowledge about Education)

महिलाहरु शिक्षामा पछाडी पर्नुको कारण महिलाहरु स्वयम् शिक्षित नहुनु उत्तरदाता महिलाहरुको धारणा रहेको पाइयो । महिलाहरुलाई शिक्षित बनाउन व्यक्ति, घर, परिवार, समाज र राज्य देखि महिला आफू स्वयम्लाई शिक्षा लिने वातावारण निर्माण गर्नु पर्ने कुरा अध्ययन क्षेत्रका उत्तरदाताहरुले बताए । महिलाहरुलाई सानै देखि कमजोर सम्झीनु जसले गर्दा पढाइ भन्दा पनि अन्य कार्यका लागि उत्साहित गर्नु, पारिवारिक समस्या र महिला स्वयम्को व्यक्तिगत समस्याका कारण शिक्षा लिन अनुकुल वातावारण नरहेको उत्तरदाताहरुले बताए ।

### ४.११.३ लैङ्गिक समानताको ज्ञान (Knowledge about Sexualization)

उत्तरदाता महिलाहरुले विभिन्न रुढीवादी परम्पराले गर्दा केही निश्चित कुराहरुमा छोरालाई महत्व दिएता पनि हाल आएर छोराछोरी दुवैलाई समान महत्व दिन थालिएको अध्ययन क्षेत्रका महिलाहरुले बताए ।

### ४.११.४ सामाजिकीकरणको ज्ञान (Knowledge about Socialization)

नेपाल एक सामाजिक, संस्कृतिक, धार्मिक, भाषिक र जातिय विविधता भएको देश हो । जसले गर्दा समाज समुदायमा मिलिजुलि सामाजिक मुल्यमान्यता र सद्भावलाई कायम राखि सामाजिक एकता बनाई समाजमा रहनुपर्छ भन्ने भनाई उत्तरदाता महिलाहरुको रहेको पाइयो । तर हाल सम्म पनि सामाजिक कार्य, सभा सम्मेलनमा महिलाहरुको सहभागिता भने न्यून नै रहेको पाइन्छ र यसलाई सुधार गर्दै महिला र पुरुषलाई समान अधिकार दिनुपर्छ भन्ने धारणा उत्तरदाता महिलाहरुबाट पाइयो ।

### ४.११.५ सामाजिक समानताको ज्ञान (Knowledge about Social Equality)

समाजको मूल समस्या भनेको नै परम्परागत रुढीवादी परम्परा हो । जसले गर्दा आजसम्म पनि समाजमा लैङ्गिक समस्या रहेको उत्तरदाता महिलाहरुले बताए । लैङ्गिक असमानता, विभेदका कारण वर्तमान समयमा पनि महिलाहरुको स्थान पुरुषको तुलनामा न्यून रहेको र यसलाई विस्तारै समधान गर्दै लान सकेमा महिलाहरुको विकास हुने सम्भावना रहेको छ भन्ने धारणा उत्तरदाता महिलाहरुको रहेको पाइयो ।

## ४.१२ सारांश (Summary)

यस अध्ययनको सारांशलाई यसप्रकार उल्लेख गरिएको छ ।

- यस अध्ययनमा सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नं. ६ अन्तर्गतका तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक क्रियाकलापमा खेलेको भूमिकाको बारेमा अध्ययन गरिएको छ ।
- यस अध्ययन सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नं. ६ अन्तर्गत बसोबास गर्ने तामाङ समुदायको महिलाहरुमा मात्र सीमित गरिएको छ ।
- यस अध्ययनको उद्देश्य तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्थाको अध्ययन गर्नु, उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको पहिचान गर्नु र निर्णय प्रकृयमा तामाङ समुदायका महिलाहरुको भूमिका पत्ता लगाउनु रहेको छ ।
- यस अध्ययनको अनुसन्धानत्मक प्रश्नहरु अध्ययन क्षेत्रका महिलाहरुको वर्तमान अवस्था कस्तो रहेको छ, अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था कस्तो रहेको छ, तामाङ समुदायका महिलाहरुको पारिवारिक निर्णयमा भूमिका कस्तो रहेको छ र अध्ययन क्षेत्रका महिलाहरुलाई सामाजिक आर्थिक रुपले सक्षम बनाउन के कुराको आवश्यकता पर्दछ सँग सम्बन्धित रहेको छ ।
- महिलाहरुको वर्तमान शैक्षिक, सामाजिक र आर्थिक अवस्थाको वास्तविकता नजिकबाट नियाल्नु र उनीहरुले सामाजिक र आर्थिक अवस्थामा खेलेको भूमिका पत्ता लगाउनु यस अध्ययनको महत्व रहेको छ ।

- यस अध्ययनले लिएको उद्देश्य पूरा गर्नको लागि प्राथमिक तथा सहायक तथ्याङ्कको प्रयोग गरिएको थियो । प्राथमिक तथ्याङ्क अर्न्तगत प्रश्नावली, अवलोकन सूचि, छलफल निर्देशिका र अर्न्तवार्ताको प्रयोग गरिएको थियो । भने सहायक तथ्याङ्क अर्न्तगत विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, शोधपत्र, पुस्तक, केन्द्रिय तथ्याङ्क विभाग, आदिवासी जनजाति आयोगको प्रतिवेदन, महिला बालबालिका तथा समाजकल्यण मन्त्रालयका प्रकाशित तथा अप्रकाशित प्रतिवेदनहरु, महिला आयोग, गाउँपकलिका तथा वडाका विभिन्न प्रयोजनका निम्ती तयार गरिएको दस्तावेजहरु आदिबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।
- यस अध्ययनमा १५ देखि ६४ वर्ष भित्रका तामाङ समुदायका महिलाहरुबाट ३०० जना महिलाहरुलाई नमुनाको रुपमा छनोट गरिएको थियो र प्राप्त तथ्याङ्कहरुलाई तथ्याङ्कका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत निकाल्ने र तालिकीकरण गर्ने कार्य गरिएको थियो । यसरी प्राप्त भएको प्रतिशतलाई स्तम्भचित्र र वृत्तचित्रको सहयताले तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।
- यस अध्ययन क्षेत्रका सबैभन्दा बढी जनसङ्ख्या ४४.०८७ प्रतिशतले कृषि पेशा अङ्गालेको पाइयो । त्यस्तै वैदेशिक रोजगारीमा ३५.६३ प्रतिशत जनसङ्ख्या रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिका मानिसहरु भएतापनि तामाङ जातिको बाहुल्यता पाइयो । र यस अध्ययन पनि तामाङ समुदायका महिलाहरु माथि गरिएको थियो ।
- नमुना छनोटमा परेका महिलाहरुको वर्तमान आर्थिक अवस्थाको अध्ययन गर्दा व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी कुल रु. ३५७८७४०० अर्थात औसत आम्दानी रु. ११९२९१.३३ रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च कुल रु. २५७१९९२० अर्थात औसत रु. ८५७३३.०६ रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत वार्षिक बचत कुल रु. १००६७४८० अर्थात औसत बचत रु. ३३५५८.२६ रहेको पाइयो ।

- यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिको महिलाहरु भएतापनि तामाङ समुदायको महिलाहरुको अध्ययन गर्ने भएकाले सतप्रतिशत महिलाहरु बौद्ध धर्म मान्ने गरेको पाइयो ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम हेर्दा धेरैजसो महिलाहरु ७५ प्रतिशत एकल परिवारमा बस्ने र बाँकी २५ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको छोराछोरी प्रतिको धारणामा ४५ प्रतिशत महिलाहरुले छोराको चहान राखेको पाइयो भने २० प्रतिशत महिलाहरुले छोरी भए पनि हुन्छ भन्ने धारणा राखेको पाइयो । र ३५ प्रतिशत महिलाहरुले छोराछोरी दुबैको चहान राखेको पाइयो ।
- यस अध्ययन क्षेत्रको नमुना छनोटमा परेका महिलाहरुलाई घरयासी काममा पुरुषको सहयोग कत्तिको मिल्छ भन्ने प्रश्नको जवाफमा ५२ प्रतिशत महिलाहरुले पाउँने गरेको, १२.३३ प्रतिशत महिलाहरुले सहयोग नपाउँने गरेको र ३५.६७ प्रतिशत महिलाहरुले अलिअलिमात्र सहयोग पाउँने गरेको पाइयो ।
- यस अध्ययनको क्रममा नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक निर्णयमा भूमिका कस्तो रहेको छ भनि अध्ययन गरिएको थियो । जसमा १५.३३ प्रतिशत महिलाहरुको निर्णयमा भूमिका रहेको, ५५ प्रतिशत महिलाहरुको निर्णयमा भूमिका नरहेको र २९.६७ प्रतिशत महिलाहरुको निर्णयमा अलिअलि मात्र भूमिका रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुको दाइजो प्रथा सम्बन्धि धारणा अध्ययन गरिएको थियो । जसमा दाइजो दिनु ठीक हो भन्ने १४ प्रतिशत र ठीक हैन भन्ने ८६ प्रतिशत महिलाहरुको धारणा पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणाको अध्ययन गरिएको थियो जसमा १०–१५ वर्ष भन्ने ० प्रतिशत, १६–२० वर्ष भन्ने ४६.३३ प्रतिशत र २१ वर्ष भन्दा माथि भन्ने ५३.६७ प्रतिशत महिलाहरुको धारणा रहेको पाइयो ।

- नमुना छनोटमा परेका महिलाहरुको २३० घरपरिवारको आर्थिक अवस्थाको अध्ययन गर्दा घरपरिवारको कुल वार्षिक आम्दानी रु. १३४५२०५०० अर्थात औसत रु. १३५४६८.७८ रहेको पाइयो भने घरपरिवारको कुल वार्षिक खर्च रु. १०२५००००० अर्थात रु. १०३२२२.५५ रहेको पाइयो । त्यसैगरी घरपरिवारको कुल वार्षिक बचत रु. ३२०२०५०० अर्थात रु. ३२२४६.२३ रहेको पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको थियो । जसमा सबैभन्दा बढी महिलाहरु आधारभूत शिक्षा लिने भित्र रहेको पाइयो जसले गर्दा शिक्षाको अधिकतम आवश्यकता रहेको पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक कार्यमा लिइने निर्णय प्रक्रियको अध्ययन गरिएको थियो । जसमा सबैभन्दा धेरै सल्लाहबाट निर्णय गर्ने महिलाहरु रहेको पाइयो भने निर्णय नगर्ने महिलाहरु न्यून मात्रमा पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको गर्भपतन सम्बन्धि महिलाहरुको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने १२ प्रतिशत, महिलाले नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ८२.३३ प्रतिशत रहेको पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको परिवार नियोजनको अस्थाई साधन सम्बन्धि प्रयोगमा महिलाहरुको निर्णयको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने २१.६७ प्रतिशत, निर्णय नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ७२.६६ प्रतिशत रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

यस अध्ययनमा तथ्याङ्कको विस्तृत व्याख्या र विश्लेषण गरी प्राप्त निष्कर्ष र अध्ययनको क्षेत्रमा देखिएका समस्याहरुको समधानका लागि उचित सुझावहरु समावेश गरिएको छ । यस अध्ययनमा प्राप्त तथ्याङ्कहरुको विस्तृत रुपमा व्याख्या, विश्लेषण र विवेचना गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका अन्तर्गत रहेको ८ वटा वडाहरु मध्ये वडा नं. ६ मा रहेको तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्थाको अध्ययन गरी उनीहरुले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकाको अध्ययनबाट निम्न निष्कर्षहरु प्राप्त भएका छन् । यस अध्ययनमा वडा नं. ६ मा बसोबास गर्ने तामाङ समुदायका १५ देखि ६४ वर्ष अन्तर्गतका महिलाहरुको जनसङ्ख्यामध्ये ३०० जना महिलाहरुको जनसङ्ख्यालाई व्यवस्थित नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ ।

- यस अध्ययनको उद्देश्य तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्थाको अध्ययन गर्नु, उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको पहिचान गर्नु र निर्णय प्रकृयमा तामाङ समुदायका महिलाहरुको भूमिका पत्ता लगाउनु रहेको छ ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम हेर्दा धेरैजसो महिलाहरु ७५ प्रतिशत एकल परिवारमा बस्ने र बाँकी २५ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको छोराछोरी प्रतिको धारणामा ४५ प्रतिशत महिलाहरुले छोराको चहान राखेको पाइयो भने २० प्रतिशत महिलाहरुले छोरी भए पनि हुन्छ भन्ने धारणा राखेको पाइयो । र ३५ प्रतिशत महिलाहरुले छोराछोरी दुबैको चहान राखेको पाइयो ।
- महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भनिए तापनि महिलाहरुलाई घरयासी काममा पुरुषको सहयोग ५२ प्रतिशत महिलाहरुले पाउँने गरेको, १२.३३ प्रतिशत

महिलाहरुले सहयोग नपाउँने गरेको र ३५.६७ प्रतिशत महिलाहरुले अलिअलिमात्र सहयोग पाउँने गरेको पाइयो ।

- यस अध्ययनको क्रममा नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक निर्णयमा भूमिका कस्तो रहेको छ भनि अध्ययन गरिएको थियो । जसमा १५.३३ प्रतिशत महिलाहरुको निर्णयमा भूमिका रहेको, ५५ प्रतिशत महिलाहरुको निर्णयमा भूमिका नरहेको र २९.६७ प्रतिशत महिलाहरुको निर्णयमा अलिअलि मात्र भूमिका रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुको दाइजो प्रथा सम्बन्धि धारणा अध्ययन गरिएको थियो । जसमा दाइजो दिनु ठीक हो भन्ने १४ प्रतिशत र ठीक हैन भन्ने ८६ प्रतिशत महिलाहरुको धारणा पाइयो ।
- परम्परागत धारणा अनुसार छोरीको विवाह छिट्टै गरिएको पाइए तापनि हाल यस धारणामा सुधार आएको देखिन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको विवाह गर्ने उमेर सम्बन्धि धारणाको अध्ययन गरिएको थियो जसमा १०–१५ वर्ष भन्ने ० प्रतिशत, १६–२० वर्ष भन्ने ४६.३३ प्रतिशत र २१ वर्ष भन्दा माथि भन्ने ५३.६७ प्रतिशत महिलाहरुको धारणा रहेको पाइयो ।
- आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा यस अध्ययन क्षेत्रको कृषि पेशामा ५६ प्रतिशत महिलाहरु संलग्न रहेको पाइयो । त्यस्तै व्यापारमा ५ प्रतिशत, नोकरीमा ४.६७ प्रतिशत, ज्यालामज्दुरीमा २२.३३ प्रतिशत र वैदेशिक रोजगारीमा १२ प्रतिशत महिलाहरु संलग्न रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक आम्दानी रु. ११९२९१.३३ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक खर्च रु. ८५७३३.०६ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक बचत रु. ३३५५८.२६ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक आम्दानी रु. १३५४६८.७८ रहेको पाइयो ।

- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक खर्च रु. १०३२२२.५५ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक बचत रु. ३२२४६.२३ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्दा आधारभूत र माध्यामिक तह सम्मका शिक्षा लिएका महिलाहरुको संख्या धेरै र उच्च शिक्षा लिने महिलाहरुको संख्या न्यून रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको स्रोतसाधनमा पनि न्यून स्वामित्व रहेको पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक कार्यमा लिइने निर्णय प्रक्रियको अध्ययन गरिएको थियो । जसमा सबैभन्दा धेरै सल्लाहबाट निर्णय गर्ने महिलाहरु रहेको पाइयो भने निर्णय नगर्ने महिलाहरु न्यून मात्रमा पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको गर्भपतन सम्बन्धि महिलाहरुको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने १२ प्रतिशत, महिलाले नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ८२.३३ प्रतिशत रहेको पाइयो ।
- अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको परिवार नियोजनको अस्थाई साधन सम्बन्धि प्रयोगमा महिलाहरुको निर्णयको अध्ययन गरिएको थियो । जसमा आफैले निर्णय गर्ने २१.६७ प्रतिशत, निर्णय नगर्ने ५.६७ प्रतिशत र दुबैको सल्लाहबाट निर्णय गर्ने ७२.६६ प्रतिशत रहेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendations)

यस अध्ययनको निष्कर्षको आधारमा अध्ययन क्षेत्र सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका अन्तर्गत वडा नं. ६ मा बसोबास गर्ने तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्था कस्तो छ ? उनीहरुले सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो भूमिका निर्वाह गरेको छ ? जस्ता प्रश्नहरुको अध्ययन गरिएको छ । यस क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा र महिला विकासमा सुधार ल्याउनको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत सुझावहरु (Policy Related Recommendations)

- यस क्षेत्रमा बसोबास गर्ने ५६ प्रतिशत महिलाहरुले कृषिलाई प्रमुख पेशाको रुपमा लिएका छन् त्यसैले कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषि उत्पादनमा वृद्धि गर्नु पर्ने देखिन्छ ।
- रोजगारीको संरचनामा विविधिकरण गरी रोजगारको अवसर दिई महिलाहरुको आर्थिक स्थितिलाई बलियो बनाउनुपर्दछ ।
- अध्ययन क्षेत्रका महिलाहरुको जीवनस्तर उकास्नका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरी सरकारले आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।
- महिलाहरुले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने पद्धतिको विकास सरकारी स्तरबाट नै गरिनुपर्दछ ।
- सरकारी तथा गैरसरकारी निकायबाट महिला विकासका निमित्त सशक्तिकरण सँग सम्बन्धि विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।
- सरकारी शिक्षा प्रणालीमा महिला शिक्षालाई विशेष जोड दिइनुपर्दछ ।
- कुनै पनि कार्य गरेबापत महिला र पुरुषलाई समान पारिश्रमिक तोकिनुपर्ने उचित व्यवस्था गर्नु पर्दछ ।

### ५.२.२ व्यवहारीक सुझावहरु (Practice Related Recommendations)

- हरेक तहको निर्णायक तहमा महिलाहरुको संलग्नता बढाउँनुपर्दाछ र घरपरिवारमा पनि महिलाको निर्णय क्षमतालाई विकसित गराउँने वातावारण तयार गराउनुपर्दछ ।
- अध्ययन क्षेत्रमा पारिवारिक कार्यको निर्णयहरुमा पुरुषको तुलनामा महिलाको कम सहभागिता रहेको पाइयो । पारिवारिक निर्णयहरुमा महिला र पुरुष दुवैको समान सहभागिताको आवश्यकता देखिन्छ । त्यसैले पारिवारिक निर्णयहरुमा महिलाहरुको सहभागिता बढाउँनका लागि पितृसत्तात्मक सोचको परिवर्तन गरि सामाजिक सचेतनामूलक कार्यक्रमहरु ग्रामीण स्तरका समाजहरुमा विस्तार गरिनुपर्दछ ।
- नमुना छनोटमा परेका महिलाहरुमध्ये ४५ प्रतिशत महिलाहरुले वंशज धान्न र बुढेसकालको सहरा का लागि छोराको चहना राखिएको पाइयो तर यस धारणामा

परिवर्तन ल्याउनु वर्तमान समयमा अति आवश्यक देखिन्छ । यसका लागि स्थानिय सरोकारवाला र गाउँपालिकाको समन्वयमा लैङ्गिक समानताको विकास गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- महिलाहरुको गर्भपतन सम्बन्धि निर्णयमा र परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णयमा ५.६७ प्रतिशत महिलाहरुको कुनै पनि भूमिका नरहेको पाइयो । तर यस्ता मानव जीवनको अति आवश्यक निर्णयमा महिला र पुरुष दुवैको भूमिका महत्वपूर्ण रहन्छ । त्यसैले यस्ता निर्णयहरुमा महिलाहरुको पहुँच र भूमिका सुनिश्चित गर्नका लागि गाउँपालिका वा स्थानीय अन्य सरोकारवाला पक्षहरुले उचित वातावारण तयार गराउँनुपर्दछ ।

### ५.२.३. भावी अनुसन्धानको सुझावहरु (Further Research Related Recommendations)

यस अध्ययन बलेफी गाउँपालिका वडा नं. ६ मा  बसोबास गर्ने तामाङ समुदायका घरपरिवार मध्ये २३० घरपरिवारको ३०० जना महिलाहरुलाई अध्ययनको लागि नमुना छनोट गरेको र यस अध्ययन सँग आवद्ध भएर तामाङ समुदायका महिलाहरुको वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक क्रियकलापमा खेलेको भूमिकाको अध्ययन गर्दा त्यस क्षेत्रका महिलाहरुको शैक्षिक तथा आर्थिक र सामाजिक अवस्थामा विकास मन्द गतिमा रहेको पाइन्छ । तसर्थ आगमी दिनहरुमा तामाङ समुदायका महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक अवस्थाहरुको अध्ययन गर्न रुचाउने नयाँ अनुसन्धानकर्ताको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- यस अध्ययन सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिकाको वडा नं. ६ मा मात्र सीमित रहेको छ । त्यसैले गाउँपालिकाको समग्र वडाहरुको अथवा पालिकाको नै तामाङ समुदायका महिलाहरुले वर्तमान अवस्था र उनीहरुले सामाजिक तथा आर्थिक क्रियाकलापमा खेलेको भूमिकाको अध्ययन गर्न सक्नेछन् ।
- तामाङ समुदायमा महिला सशक्तिकरणले पारेको प्रभावको अध्ययन गर्न सक्नेछन् ।
- राजनीतिक अधिकारले महिला विकासको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्न सक्नेछन् ।

- बलेफी गाउँपालिकाको सम्पूर्ण तामाङ समुदायका महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्न सक्नेछन् ।
- भूमि स्वामित्वले महिला विकासको क्षेत्रमा पारेको प्रभाव अध्ययनक गर्न सक्नेछन् ।

# सन्दर्भसूची (REFERENCES)


आचार्य, ईश्वरी (२०६८), *महिलाको माथि हुने सामाजिक विभेद,* काठमाडौंः पैरवी प्रकाशन ।

आर्यल, मधुसुदन (२०७३), *महिला सशक्तिकरणको आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरुबाट प्राप्त आम्दानीको तुलनात्मक अध्ययन :* अप्रकाशित शोधपत्र कीर्तिपूर, शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग, त्रि.वि. ।

आदिवासी जनजाति आयोग (२०७६/७७), *आदिवासी जनजाति आयोगको वार्षिक प्रगति प्रतिवेदन,* ललितपुरः आदिवासी जनजाति आयोग ।

केन्द्रिय तथ्याङ्क विभाग (२०७८), *जनगणना प्रतिवेदन,* काठमाडौंः केन्द्रिय तथ्याङ्क विभाग ।

गुरुङ्ग, ममता (२०७४), *महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावः* कचनकवल गा.पा. झापा जिल्ला, अप्रकाशित शोधपत्र कीर्तिपूर शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग, त्रि.वि. ।

रेग्मी, सरला (२०६७), *नयाँ संविधानमा महिला अधिकार कसरी सुनिश्चित गर्ने,* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

जोशी, नारायण प्रसाद (२०६८), *महिला सशक्तिकरणले उनीहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योग्दान : एक अध्ययन* रानागाँउ गा.वि.स., डोटी जिल्ला अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षासंकाय अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि.वि. ।

नेपालको संविधान (२०७२) ।

पौडेल, रामहरि (२०६८), *नेपाली महिलाको अवस्था,* काठमाडौंः साझा प्रकाशन ।

कडरिया, महेश (२०६९), *लैङ्गिक समानता,* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

पौडेल, केदारमणि (२०६१), *उद्यमशिलतासँगै समृद्धि र विकास,* बुद्ध एकेडेमिक पब्लिसर्श एण्ड डिस्ट्रिव्युट्रस प्रा.लि. काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर (२०६८), *महिला अधिकृत परिक्षा दिग्दर्शन,* काठमाडौंः आशिष वुक्स हाउस प्रा.लि., काठमाडौं ।

राष्ट्रिय महिला आयोग (२०५८), *महिला अधिकार,* काठमाडौंः राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०६६), *महिला अधिकार,* काठमाडौंः राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०७४), *राष्ट्रिय महिला आयोग ऐन,* काठमाडौं: राष्ट्रिय महिला आयोग ।

रेग्मी, अनिता (२०६८), *महिला सशक्तिकरणले उनिहरुको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव:* अप्रकाशित शोधपत्र कीर्तिपूर, शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग, त्रि.वि ।

लुईटेल, समीरा (२०६२), *सशक्तिकरण के र कसरी ?,* काठमाडौं: सोडा ।

श्रेष्ठ, प्रतिमा (२०५८), *महिला सशक्तिकरण र सम्पत्तिमा साझा स्वामित्व चापागाउँ गा.वि.स. ललितपुर जिल्ला,* अप्रकाशित शोधपत्र, कीर्तिपुर: शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, खगेन्द्र तथा सुवेदी संगिता (२०६९), *मुख्य महिला कार्यकर्ता दिग्दर्शन,* काठमाडौं: पिनाकल पब्लिकेशन प्रा.लि. ।

Bhasin, K. (1992). *Education for women's empowerment some reflection.* Kathmandu, CEDA.

Kersberg, S. (1992). *Transforming power: domination, empowerment and education.* New York : State University.

तथ्याङ्क कार्यलय सिन्धुपाल्चोक (२०७५), *जिल्ला वस्तुगत विवरण २०७५,* सिन्धुपाल्चोक: लेखक ।

बलेफी गाउँपालिका (२०७५), *बलेफी गाउँपालिका पार्श्वचित्र २०७५,* सिन्धुपाल्चोक: लेखक ।

www.cbs.np

www.lawcommission.gov.np

# अनुसूची १ (APPENDIX 1)

## प्रस्नावली (QUESTIONNAIRE)

**आर्थिक कियकलापहरु सँग सम्बन्धित प्रश्नहरु**

१. परिचय:

उत्तरदाताको नाम: मिति:

उमेर: जिल्ला:

जात: गा.पा.:

धर्म: वडा नं.:

लिङ्ग: नगर टोल:

वैवाहिक स्थिति: शिक्षा:

पेशा:

२. पारिवारिक विवरण दिनुहोस् ।

| क.स. | नाम | लिङ्ग | उमेर | पेशा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

३. तपाईको प्रमुख आम्दानीको स्रोत के हो ?

क) व्यापार ख) नोकरी ग) कृषि घ) अन्य

४. जागिर वा नोकरी गर्नु हुन्छ ?

क) गर्छु ख) गर्दिन ग) छोडेको

५. आम्दानी घरपरिवारलाई दिनु पर्छ कि पर्दैन ?

क) पर्छ ख) पर्दैन ग) केहि दिनुपर्छ

६. तपाईको घरमा आर्थिक कारोबार कसले सञ्चालन गर्नु हुन्छ ?

क पुरुषले ख) महिलाले

७. घर खर्च चलाउन ऋण लिनु परेको छ ?

क) छ                                        ख) छैन

८. तपाईको घरको काममा पुरुषको सहयोग कतिको पाउनुहुन्छ ?

क) पाउँछु          ख) पाउँदिन          ग) अलिअलि मात्र पाउँछु

९. तपाई घरको काम बाहेक अन्य के काम गर्नुहुन्छ ?

क) गर्छु के काम …………          ख) गर्दिन किन …………

१०. तपाईको घरमा घर जग्गा कसको नाममा छ ?

क) श्रीमान     ख) बुबा     ग) आमा     घ) आफू (श्रीमती)     ङ)अन्य ……..

११. तपाई कुनै महिला समूह, सहकारी ऋण तथा बचत समूहको सदस्य हुनुहुन्छ ?

क) छु                                        ख) छैन

१२. हाल सम्म तपाईले सीपमूलक तालिम लिनु भएको छ ?

क) छ                                        ख) छैन

१३. तपाईको परिवारको आम्दानी कति हुन्छ ?

| क.स. | शीर्षक | आय (रु.) मा |
|---|---|---|
| १ | कृषिबाट | |
| २ | व्यापारबाट | |
| ३ | वैदेशिक रोजगारबाट | |
| ४ | नोकरीबाट | |
| ५ | अन्य | |

१४. तपाईको घरमा निम्न निर्णयहरु कसले गर्दछ ?

| क.स. | निर्णय सम्बन्धि विवरण | महिला | पुरुष | दुवैको सल्लाहबाट निर्णय गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरमा उत्पादित वस्तुहरु | | | | |
| २ | जग्गा किनबेच गर्ने | | | | |
| ३ | ऋण लिने, दिने | | | | |
| ४ | घरका लागि आवश्यक वस्तुहरु खरिद गर्ने | | | | |
| ५ | घरका अन्य कार्यहरुका लागि | | | | |
| ६ | | | | | |

१५. तपाईको निम्न शीर्षकमा वार्षिक कति खर्च हुन्छ ?

| क.सं. | विवरण | खर्च (रु) मा |
|---|---|---|
| १ | उपभोगमा | |
| २ | चाडपर्वमा | |
| ३ | शिक्षामा | |
| ४ | स्वास्थ्यमा | |
| ५ | लत्ताकपडामा | |
| ६ | अन्य | |
| | जम्मा | रु. |

१६. तपाईको घरमा निम्न काम कसले गर्छ ?

| क.सं. | विवरण | महिला | पुरुष | दुवै | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाना बनाउने | | | | |
| २ | बजारमा किनमेल गर्ने | | | | |
| ३ | बालबच्चाको रेखदेख गर्ने | | | | |
| ४ | पशु किनबेच गर्ने | | | | |
| ५ | जग्गा किनबेच गर्ने | | | | |
| ६ | खेतबारिको काम | | | | |
| ७ | घरको सरसफाई गर्ने | | | | |
| ८ | गाउँको छलफलमा जाने | | | | |
| ९ | बालबच्चाको पढाईमा सहयोग गर्ने | | | | |
| १० | ऋण लिनेदिने | | | | |

१७. निम्न तालिमहरु लिनु भएको छ ?

क) महिला विकास ख) स्वरोजगार तालिम ग) सहकारी, बचत सम्बन्धि घ) अन्य

१८. आर्थिक रुपले सक्षम हुनुहुन्छ ?

क) छु ख) छैन

१९. महिलाले आर्थिक परनिर्भर बन्नुपर्दा के के समस्या भोग्नु परेको छ ?

क) शारिरिक हिंसा   ख) मानसिक हिंसा

ग) आत्मसम्मानको कमी   घ) अपमान

२०. बचत गर्नु हुन्छ ?

क) गर्छु   ख) गर्दिन

**सामाजिक कियकलाप सँग सम्बन्धित प्रश्नहरु**

१. तपाईको छोराछोरी कतिजना छन् ?

क) छोरा.......   ख) छोरी......   ग) जम्मा.......

२. कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

- ...................................................................

३. छोरा र छोरी मध्ये कसलाई बढी माया गर्नुहुन्छ ?

क) छोरा   ख) छोरी   ग) दुवै

४. तपाईको विचारमा विवाह कति वर्षमा गर्नु ठिक हो ?

क) १५ वर्ष अगाडी   ख) १५ देखि १८   ग) १८ देखि २०   घ) २० वर्ष पछि

५. घरको कुनै निर्णय प्रकियमा तपाईको सहभागिता हुन्छ कि हुदैन ?

क) हुन्छ   ख) हुदैन   ग) आंशिक रुपमा हुन्छ

६. दाइजो दिनु ठिक जस्तो लाग्छ कि लाग्दैन ?

क) ठिक   ख) वेठिक

७. पार्टीगत पक्षमा चासो राख्नुहुन्छ ?

क) राख्छु   ख) अलिअलि राख्छु   ग) राख्दिन

८. तपाईलाईको विचारमा महिला विकास गर्न के के गर्नु पर्ला ?

क) छोरी बुहारीलाई पढाउने   ख) सामाजिक कुप्रथालाई हटाउदै जानु

ग) सामाजिक चेतनामूलक कार्यकमहरु आयोजना गन   घ) सबै

९. मतदान गर्दा निर्णय कसरी गर्नुहुन्छ ?

क) आफूले इच्छाएको व्यक्तिलाई मत दिने   ख) श्रीमानले भने अनुसार मत दिने

१०. परिवार अर्थात श्रीमानले भनेबमोजिम भोट दिनु पर्छ भन्ने दबाब आउँछ ?

क) आउछ, सोहि बमोजिम दिन्छु   ख) आउछ, तर आफ्नो निर्णयमा दिन्छु

ग) सबैको सल्लाह अनुसार दिन्छु

११. सामाजिक सेवामा काम गर्न रुचि लाग्छ ?

क) लाग्छ　　ख) लाग्छ तर समय हुदैन　　ग) लाग्छ तर पैसा हुदैन

१२. सामाजिक तथा राजनैतिक काममा परिवारको समर्थन छ ?

क) छ　　ख) छैन

१३. गाउँ समाजमा कसैलाई अन्याय पर्दा बोल्नुहुन्छ ?

क) बोल्छु　　ख) बोल्दिन

१४. तपाईले हाल महिलाको अवस्था कस्तो देख्नु भएको छ ?

क) ठिकै　　ख) दयनिय　　ग) सुधारोन्मुख　　घ) आशालाग्दो

१५. महिला सशक्तिकरण सम्बन्धित सरकारले गरेको व्यवस्थाको बारे केहि तथा छ ?

क) थहा छ　　ख) थहा छैन　　ग) अलिअलि थहा छ

१६. तपाईको विचारमा महिला सशक्तिकरणमा सुधार गर्न के के गर्नु पर्ला ?

क) शिक्षा　　ख) सामाजिक चेतनामा वृद्धि

ग) आर्थिक रुपमा सक्षम　　घ) माथिका सबै

१७. तपाई विरामी हुदा पहिला कहाँ जानुहुन्छ ?

क) वैधको　　ख) डाक्टरको　　ग) धामि, झाकी　　घ) अन्य...........

१८. परिवारमा कोही सुत्केरि गराउनु पर्दा काहाँ गराउनु हुन्छ ?

क) घरमा　　ख) अस्पतालमा

१९. तपाईलाई परिवार नियोजन सम्बन्धि जानाकारी छ ?

क) छ　　ख) छैन

२०. महिला र पुरुष बिचको भेदभाव अन्त्य गर्न तपाईको विचारमा के गर्नु पर्छ ?

क) महिला सचेत बन्नु पर्छ　　ख) समाज सचेत बन्नु पर्छ

ग) राष्ट्र सचेत बन्नु पर्छ　　घ) सबैको उत्तिकै भूमिका हुन्छ

२१. तपाईको विचारमा छोरीले पढ्नु आवश्यक छ या छैन के लाग्छ ?

क) छ　　ख) छैन

२२. महिलाहरु समाजमा पछाडी पर्नुमा प्रमुख दोषि को को हुन् ?

क) सामाजिक कुसंस्कारको जड　　ख) अशिक्षा

ग) प्राकृतिक विभेद　　घ) पितृसत्तात्मक सोच　　ङ) सबै

२३. महिला शोषणको अन्त्य गर्न समाजमा कस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ला ?

➢ ..........................................................................................

२४. तपाईको विचारमा महिलाहरुको हालको अवस्था कस्तो छ र के कस्ता समस्याहरुको सामना गर्नु परेको छ ?

क) सशक्त भएर बोल्न नसक्नु, मानसिक यातना सहनु परेको छ

ख) सशक्त भएर बोले पनि सामाजिक तथा शारिरिक हिंसा सहनु परेको छ

## शैक्षिक क्रियाकलापसँग सम्बन्धित प्रश्नहरु

१. तपाई कति पढ्नु भएको छ ?

..............................................................................................

२. तपाईको परिवारको शैक्षिक योग्यताको विवरण दिनुहोस् ।

| क.सं. | तह | महिला | पुरुष |
|---|---|---|---|
| १ | निरक्षर | .......जना | .......जना |
| २ | साक्षर | .......जना | .......जना |
| ३ | प्रा.वि | .......जना | .......जना |
| ४ | नि.मा.वि | .......जना | .......जना |
| ५ | मा.वि | .......जना | .......जना |
| ६ | उ.मा.वि | .......जना | .......जना |
| ७ | स्नातक | .......जना | .......जना |
| ८ | स्नातकोत्तर | .......जना | .......जना |
| ९ | एम फिल | .......जना | .......जना |
| १० | विद्यावारिधि | .......जना | .......जना |

३. तपाईले कुनै किसिमको प्रौढ साक्षरता जस्ता कार्यक्रममा भाग लिनु भएको छ ?

क) छ                                                  ख) छैन

४. यदि पढ्न पाउनु भएन भने किन पाउनु भएन ?

क) पढ्न मन लागेन                        ख) घरको काममा व्यस्त भए

ग) कुनै समस्याका कारण                    घ) परिवारका अन्य सदस्यले नदिएका कारण

५. तपाईको घरमा निम्न निर्णयहरु कसले गर्दाछ ?

| क.सं. | निर्णय सम्बन्धि विवरण | महिला | पुरुष | दुवैको सल्लाहबाट निर्णय गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | छोराछोरी कहाँ पढाउने | | | | |
| २ | पढाइ खर्च | | | | |
| ३ | खाजा खर्च | | | | |
| ४ | ट्युसन खर्च | | | | |
| ५ | | | | | |

६. तपाईको छोराछोरी कुन विद्यालयमा पढाउनु भएको छ ?

क) सरकारी ख) निजी

७. किन सरकारी विद्यालयमा पढाउनु भएको हो ?

क) निजी विद्यालय टाढा भएकाले ख) आर्थिक समस्या भएकोले

ग) अविभावक सोहि स्थानमा कार्यरत भएकोले घ) बच्चाले इच्छाएकोले

८. किन निजी विद्यालयमा पढाउनु भएको हो ?

क) सरकारी विद्यालय टाढा भएकाले ख) बच्चाको हेरचाह राम्रो हुने भएकाले

ग) अविभावक सोहि स्थानमा कार्यरत भएकोले घ) पढाइ राम्रो हुने भएकोले

९. महिला सक्षम हुनका लागि शिक्षा आवश्यक छ ?

क) छ ख) छैन

# अनुसूची २ (APPENDIX 2)

## अवलोकन सूची

१) महिलाहरुको घरभित्रको सजावट

२) घरपरिवारको जग्गाजमिन

३) खानेपानी, शौचालय र सरसफाइको अवस्था

## अनुसूची ३ (APPENDIX 3)

## लक्षित समुह छलफल निर्देशिका

१) लक्षित समुह छलफल सञ्चालन गर्नुभन्दा पहिले समुह निमार्ण गरिएको छ ।

२) समुह निमार्ण गर्दा एउटै पृष्ठभुमि भएको व्यक्तिहरुको समुह निर्माण गरिएको छ ।

३) लक्षित समुह छलफलका लागि बनाईएको प्रश्न खुल्ला रुपमा समावेश गरिएको छ ।

४) लक्षित समुह छलफलका लागि स्थान छनोट गरिएको छ ।

५) अनुसन्धान अनुरुप संकलित तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।

**लक्षित समुह छलफलका लागि तयार गरिएको प्रश्नावली**

१) महिलाहरुको आम्दानीको स्रोतहरु

२) महिलाहरुको खर्चको क्षेत्रहरु

३) महिला विकास सम्बन्धि कार्यक्रमले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योग्दान

४) महिलाहरुले भोगिरहेका समस्याहरु र समधानका उपायहरु

५) महिला सम्बन्धि कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरु